IMPERIAL
Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

prateekdaily.com

श्रम ऐन, २०७४ को पालना गरौं, श्रमिक, श्रमिक आपूर्तिकर्ता र रोजगार दाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत १३ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 26 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१०

## जिप्रका, पर्साको सेवा प्रभावकारी भएन





जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकता र प्रतिलिपि लिनेहरूको भीड (माथि), सप्रजिअ पौडेल र सेवाग्राहीहरू (तल) । तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, १२ चैत/

जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकता र प्रतिलिपि लिनको लागि लामो समयसम्म कुर्नुपर्ने बाध्यता रहेको सेवाग्राहीहरूले बताएका छन् ।

१५–२० दिनसम्म कार्यालयमा धाउँदा पनि नागरिकताको प्रतिलिपि नपाएको सेवाग्राहीहरूले गुनासो गरेका छन् । जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकता बनाउन आएकी वीरगंज–२१ निवासी पिङ्कीकुमारी जायसवालले दुई दिनदेखि नागरिकताको लागि धाउनुपरेको तर नागरिकता नबनेको बताइन् ।

विन्ध्यवासिनी गाउँपालिकाका शिवमङ्गल साह कानूले पनि दुई/तीन दिनदेखि कार्यालयमा धाएको तर नागरिकता नबनेको बताए । आवश्यक कागजात उपलब्ध गराउँदा पनि आजभोलि भनेर नागरिकता नपाएको बताए ।

बहुदरमाई नगरपालिकाका मजीद मियाँले नागरिकताको प्रतिलिपिको लागि जिल्ला प्रशासन कार्यालयमा धाउँदा पनि प्रतिलिपि नबनेको बताए । कागजात मिलाएर प्रतिलिपि दिने भनेर आश्वासन दिंदै आएको तर आफूले प्रतिलिपि नपाएको बताए ।

जिल्ला प्रशासनमा आउने अधिकांश सेवाग्राही नागरिकता र प्रतिलिपि लिन लामो समयसम्म धाउनुपरेको गुनासो गर्छन् । यसबारे सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले जनशक्तिको अभाव र प्रतिलिपि लिनेहरूको पर्याप्त कागजात नपुग्दा ढिलो हुने गरेको बताए । पुरानो दरबन्दीमा कर्मचारी रहेको र कामको चाप बढेको तथा अनावश्यक काममा पनि कर्मचारीहरू अल्झिनुपरेको कारण सेवाग्राहीहरूले समस्या झेल्नुपरेको बताए । उनले दरबन्दी अनुसार कर्मचारी भएको खण्डमा र सेवाग्राहीहरू पनि सचेत भएमा यस्तो समस्या आगामी दिनमा नहुने बताए ।

अनावश्यक कागजातको माग गरेर कर्मचारीहरू अलमलमा पर्ने गरेको उनको भनाइ थियो । विवाहपूर्व बनेको नागरिकता अनुसार नै विवाह दर्ताबाट वैवाहिक नाता पुष्टि भएपनि पतिको नाममा नयाँ नागरिकता लिन आउनेहरूको सङ्ख्या बढी भएकोले कर्मचारीहरू त्यस कार्यमा अलमलिनुपरेको बताए । विवाहअगाडि बनेको नागरिकतामा विवाह दर्ता मात्र गरेर पतिको नाममा नागरिकता आवश्यक नभए पनि यसबारेमा सम्बन्धित पालिकाका जनप्रतिनिधिहरूले सम्झाउन नसक्दा जिल्ला प्रशासन कार्यालयले अनावश्यक झमेला बेहोर्नुपरेको उनको भनाइ छ ।

सेवाग्राहीहरूलाई सहजरूपमा सेवा प्रवाह गर्न जिल्ला प्रशासन कार्यालय क्रियाशील रहेको उनले बताए ।

## भिस्वा नाकाबाट तस्करी बढ्यो







नेपालको भिस्वामा प्रहरीले मूलबाटोमा लगाएको तारबारसहितको ढाट (माथि), सामान भारत लैजाँदै र भिस्वा बजारको दृश्य । तस्वीरः सुग्रीव साह

प्रस, भिस्वा, १२ चैत/

छिपहरमाई गाउँपालिका भिस्वाबाट यतिखेर तस्करी बढेको छ ।

रातिपख यहाँका व्यापारीहरूले भरिया लगाएर विभिन्न सामान भारतको सिकटा बजार पुऱ्याउने गरेका छन् । कोरोना शुरू भएसँगै सीमा सिल भएको एक वर्ष बितेको छ ।

यसबीचमा सशस्त्र र जनपद रहेको सीमा क्षेत्रमा तारबारसहितको ढाट लगाएर आवतजावत बन्द गरिएको छ । मुख्य सडकबाट आवतजावत बन्द भएपनि कोरोना बढेकै बेलादेखि चोरबाटोबाट भारत जाने र त्यहाँबाट नेपाल आउने क्रम रोकिएको पनि छैन ।

पर्सा जिल्लाको पोखरिया नगरपालिका, छिपहरमाई, कालिकामाई, धोबिनी, जगरनाथपुर, जीराभवानी, ठोरी गाउँपालिकाको ठोरीबाहेकका क्षेत्रबाट भारतको सिकटा बजारबाट सामान खरीद गरी ल्याउने गरिन्छ । सबैजसो कार्यमा नेपालीहरू सिकटा बजारमा गएर किनमेल गर्छन् । उनीहरूको सहज आवतजावत अहिले पनि जारी छ ।

सरकारले भारतमा कोरोना सङ्क्रमितहरूको सङ्ख्या बढेपछि सीमामा कडाइ गर्न स्थानीय प्रशासनलाई निर्देशन दिएको र कोभिड सङ्कट व्यवस्थापन समितिले पनि सीमाबाट आउजाउ गर्नेहरूको ज्वरो नाप्ने, विवरण राख्ने र आवतजावत गर्न नदिने निर्णय गरे पनि भिस्वामा त्यस्तो केही व्यवस्था गरिएको छैन । यताका मान्छे उता जान्छन् र उताका मान्छे यता आउने गर्छन् ।

दिउँसो नेपालीहरू ठूलो सङ्ख्यामा सिकटा बजार पुग्छन् भने रातिपख भिस्वा बजारबाट सयौंको सङ्ख्यामा भरियाहरू तस्करीको सामान लिएर सिकटा पुग्छन् । स्थानीय प्रहरीको समेत तस्करीमा मिलेमतो भएको बताइन्छ ।

रातिपख प्रहरी गस्ती रहे पनि तस्करीका सामान बरामद नहुनु, मानिस पक्राउ नपर्नुले प्रहरीको मिलेमतो भएको पुष्टि गर्दछ ।

## सडक दुर्घटनामा एकजनाको मृत्यु

### उपचारमा लापरवाही गरेको आरोप लगाउँदै अस्पतालमा तोडफोड

प्रस, वीरगंज, १२ चैत/

वीरगंज–१३ स्थित तराई अस्पतालमा तोडफोड गरिएको छ ।

वीरगंज–१५ ब्रह्मचोकमा दिउँसो मोटरसाइकल दुर्घटनामा घाइते २५ वर्षीय आशिष यादवको मृत्यु भएको घटनालाई लिएर आक्रोशित आफन्तजनले तोडफोड गरेको बताइएको छ ।

तोडफोड गर्नेहरूले अस्पतालले उपचारमा लापरवाही गरेको आरोप लगाउँदै तोडफोड गरेका थिए । उनीहरूले घाइते यादवलाई उपचारको लागि अस्पतालमा प्रहरीले पुऱ्याएको तर अस्पतालले रकमको कारण उपचार प्रक्रिया अगाडि नबढाउँदा घाइतेको मृत्यु भएको बताए ।

घाइते यादवलाई एकजना हवल्दारले अस्पतालमा पुऱ्याएका थिए । मृतक यादव नाम खुलिनसकेको प्रहरीले चलाएको मोटरसाइकल पछाडि बसेको र टयाङ्करको ठक्करबाट घाइते भएको बुझिन आएको छ ।

घाइते प्रहरीको तराई अस्पतालमैं उपचार भइरहेको छ । मृतक यादवका परिवारले रकम लिन घर गएको तर सो अवधिसम्म पनि तराई अस्पतालमा उपचार नगरिएको आरोप लगाएका छन् । तोडफोडपछि प्रहरीले अस्पतालका दुईजनालाई सोधपूछका लागि नियन्त्रणमा लिएको छ ।

## सडक बनाउँदा झा दम्पतीको शव भेटियो

प्रस, महोत्तरी, १२ चैत/

एक महीना पहिलेदेखि घरबाट सुत्ने खाटसहित बेपत्ता झा दम्पतीको शव सडक निर्माणको क्रममा बिहीवार फेला परेको छ । गत फागुन १० गते राति घरमा सुतिरहेको अवस्थामा ओछ्यानसहित बेपत्ता भएका महोत्तरी जिल्लाको पिपरा गाउँपालिका–५ का ६५ वर्षीय मुसाफिर झा र ५८ वर्षीया गीतादेवी झाको शव फेला परेको हो ।

पिपरा–२ स्थित पिपरा–धिरापुर सडकखण्डमा गत वर्षको बाढीले २० फिट गहिरो हुने गरी माटो बगाइ बनाएको खाल्डो पुर्ने क्रममा स्काभेटरले खन्दा बोराभित्र बाँधिएको शव फेला परेको थियो । एउटा बोरा फेला परेपछि पुनः खोज्दा सोही स्थानमा अर्को बोरामा पनि शव भेटिएको प्रहरीले जनाएको छ ।



मृतक झा दम्पती

प्रदेश नं २ का प्रहरी नायब महानिरीक्षक धीरजप्रताप सिंहले छुट्टाछुट्टै दुईवटा प्लास्टिक बोरामा शरीरका

(बाँकी पाँचौं पातामा)

## ७५ जना सामाजिक सुरक्षा भत्ताबाट वञ्चित

प्रस, पर्सागढी, १२ चैत/

वीरगंज महानगरपालिका–३२ बेलवाका ७५ जना सामाजिक सुरक्षा भत्ता पाउनबाट वञ्चित भएका छन् ।



सामाजिक सुरक्षा भत्ता माग गर्दै महानगरमा महिलाहरू । तस्वीरः सौजन्य

विगत वर्षदेखि सामाजिक सुरक्षा भत्ता पाउँदै आएका उनीहरूले वार्षिक नवीकरण नभएको कारण भत्ताबाट वञ्चित भएका हुन् । वीरगंज महानगरपालिकामार्फत गत फागुनमा पहिलो चौमासिकको भत्ता वितरण भएको थियो तर बेलवाका ७५ जनाले सो भत्ता पाउन सकेनन् । उनीहरूले वार्षिकरूपमा नवीकरणको लागि वडा कार्यालयमा आवेदन भरेका थिए । तर उनीहरूको नवीकरण नभएको कारण भत्ता नपाएको बताइएको छ ।

बैंकमा सामाजिक सुरक्षा भत्ता लिन गएका उनीहरूले भत्ता नआएको सूचना पाएपछि वडा कार्यालयमा सम्पर्क गरेका थिए । वडासचिव नारायणप्रसाद चापागाईले सबैजनाको फाराम नवीकरणको लागि महानगरपालिकामा पठाएको र त्यहीबाट चूक भएको हुन सक्ने बताए । सामाजिक सुरक्षा भत्ता पाउनबाट वञ्चित भएकाहरू नगरप्रमुख विजयकुमार सरावगीसँग भेटेर गुनासो गरेको तर नगरप्रमुख सरावगीले वडास्तरबाट सो काम हुने भएकोले आफूले केही गर्न नसक्ने बताएपछि उनीहरू निराश भएका थिए ।

वडाध्यक्ष रेयाज अहमदले ७५ जना सामाजिक सुरक्षा भत्ताबाट वञ्चित भएकामा आफू दुःखी भएको बताए । उनले यसमा वडासचिव दोषी भए निजमाथि कारबाई गर्ने र महानगरबाट त्रुटि भएको खण्डमा प्रक्रियामा जाने बताए । वडाध्यक्ष अहमदले घटनाबारे आफूले छानबिन गरिरहेको जानकारी गराए । सामाजिक सुरक्षा भत्ताको लागि वार्षिकरूपमा असार मसान्तभित्र सबैले विवरण नवीकरण गराउनुपर्ने नियम छ ।

## छोटकरी

### लागूऔषधसहित युवक पक्राउ

प्रस, वीरगंज, १२ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले लागूऔषध ब्राउनसुगरसहित एकजना युवकलाई पक्राउ गरेको छ ।

भारत, रक्सौलबाट साइकलमा वीरगंजतर्फ आइरहेका वीरगंज महानगर–१८ भवानीपुर बस्ने ३८ वर्षीय शिवलाल महतो धानुकबाट २५ ग्राम ब्राउनसुगर बरामद भएको जिप्रका पर्साका प्रवक्ता प्रनाउ ओमप्रकाश खनालले बताए ।

### निश्शुल्क आँखा शिविर

प्रस, पोखरिया, १२ चैत/

पोखरिया नगरपालिका–२ लमरियामा जसपा नगर कमिटीले निश्शुल्क आँखा शिविर सम्पन्न गरेको छ ।

वीरगंज महानगरका नगरप्रमुख विजय सरावगीको आर्थिक सहयोग र मार्टिका आई फाउन्डेशनको प्राविधिक सहयोगमा आयोजित निश्शुल्क आँखा शिविरमा १७५ जनाको आँखा परीक्षण गरिएको र त्यसमध्ये ९० जनामा मोतियाबिन्दु फेला परेको फाउन्डेशनका महेशसिंह धामीले बताए । उनले मोतिबिन्दु फेला परेका ९० जनाको चैत २० गते शल्यक्रिया गरिने जानकारी गराएका छन् ।

नाता–सम्बन्ध मोतीजस्ता हुन् । यदि कहिले खस्दछ भने पनि निहुरेर टिप्नुपर्छ ।

-विचारसार र सूक्तिहरू


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# विद्युत् सर्ट भएर आगलागी

बितेको मङ्गलवार राति सर्लाहीको बरहथवामा विद्युत् सर्ट भई एक घरमा आगलागी हुँदा तीन लाख ५० हजार नगदसहित करीब साढे दश लाख मूल्यबराबरको धनमाल जलेर नष्ट भयो । त्यसैगरी, बितेको बिहीवार सप्तरीको अग्निसाइर कृष्णासावरण गाउँपालिकास्थित एक गाई फार्ममा विद्युत् सर्ट भई आगलागी हुँदा २० वटा गाई जलेर मृत्यु भयो भने करोड रुपैयाँभन्दा माथिको क्षति छ । केही महीना पहिले विद्युत् सर्ट भएर आगलागी हुँदा ताप्लेजुङ्ग जिल्लाको फुङ्लिङ बजार खरानी भयो । गत भदौमा धादिङको थाक्रेमा विद्युत् सर्ट भएर आगलागी हुँदा दुईजनाको ज्यान गयो भने १२ जनाभन्दा बढी घाइते भए । त्यसैगरी बितेको पुसमा सप्तरीको राजविराजमा आगलागी हुँदा बिजुली नै नभएको गोठमा सुतिरहेकी एक वृद्धाको ज्यान गयो । गोठनजीकैको घरमा विद्युत सर्ट हुँदा आगलागी भएर गोठमा आगो सल्किएको थियो । हाम्रो मुलुकमा विद्युत् सेवा पुगेका प्रायः सबै स्थानमा यस प्रकृतिको घटना दिनहुँ भइरहेका छन् । घरमा, पसलमा, उद्योग एवं गोदाममा त कुनै दिन कृषि फार्म एवं होटल, रेस्टुरेन्टमा विद्युत् सर्ट भई आगलागी भइरहेका छन् ।

विद्युत् सर्ट भएकै कारणबाट आगलागी भएका घटनाको यकीन तथ्याङ्क नेपाल सरकारसँग छैन । पछिल्लो एक दशकयता विद्युत् सेवा प्रसारणसँगै विद्युत् चुहावटको कारण आगलागी हुने घटना वृद्धि भएको नेपाल प्रहरीको दैवी प्रकोप उद्धार शाखाले जनाएको छ । अन्य मुलुकको तुलनामा भने विद्युत्को कारण आगलागी हुने घटना हाम्रो मुलुकमा बढी छ । सम्पन्न मुलुक भारत, अमेरिका, चीनलगायतका मुलुकहरूमा विद्युत् सर्ट हुने घटनाहरू आक्कलझुक्कल भइहाले पनि मानवीय हर्कत तथा विद्युत्सम्बन्धी उपकरणमा छेडछाड गर्दा हुने गरेको पाइएको छ । हाम्रो मुलुकमा त विद्युत् सेवा उपलब्ध घरमा सुतिरहेको मानिस बिहान सग्लो उठ्ने हो कि होइन भन्ने चिन्ता छ । विद्युत् सेवा उपलब्ध नहुँदासम्म उज्यालोका लागि बालिने टुकी, पानस वा आगोबाट आगलागी हुने डर छ । विद्युत् सेवा उपलब्ध भएपछि त्यही बिजुलीबाट आगलागी हुने त्रास छ ।

बिजुली सर्ट हुने विभिन्न कारण छन् । पावरहाउसदेखि उपभोक्ताको घरसम्म प्रसारण लाइनमा प्रयोग गरिएका विद्युतीय सामग्रीको गुणस्तर तथा मरम्मतसम्भारको अवस्था, जडान गर्ने प्राविधिकले प्रयोग गरेको सीप, सम्बन्धित विद्युत् उपभोक्ताले प्रयोग गर्ने विद्युतीय उपकरण एवं मानवीय छेडखानी, तत्काल विद्युत् वितरणमा कार्यरत प्राविधिकहरूको काम र दैवी प्रकोप विद्युत् सर्ट हुने मुख्य कारणहरू हुन् । मुलुकमा विद्युत्बाट जति पनि आगलागी भएका छन्, त्यसमा उपरोक्त पक्षहरूमाथि गहन अध्ययन भएको पाईंदैन । "विद्युत् सर्ट भएर आगलागी भयो" भनेपछि दायित्व सकियो । यसो हुँदा सधैं उपभोक्ता मारमा परिरहेका छन् । उपभोक्ताको आफ्नै गलतीबाट विद्युत् सर्ट भएको छ र त्यसले अरूलाई पनि पीडा पुर्‍याएको छ भने त्यस्ता उपभोक्तालाई कारबाई हुनुपर्छ । सामानको खराबी भए सोही पक्षलाई कारबाई हुनुपर्छ । यदि प्राविधिक लापरवाही हो भने सम्बन्धित पक्षलाई कारबाई गर्ने र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था हुनुपर्छ । यसो हुँदा विद्युत् प्राधिकरणदेखि सामग्री उत्पादन एवं सप्लाइकर्ता, कर्मचारी, उपभोक्तालाई समेत दायित्व एवं जिम्मेवारी बोध हुनेछ । हरेक पक्षमा जिम्मेवारी बोध रह्यो भने दुर्घटना नै हुँदैन ।

# अब एमाले पनि भीडमुखी पार्टी

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

> हुनत यो सत्ताधारी नेकपा एमालेको आन्तरिक निर्णय हो र यसको निम्ति ऊ स्वतन्त्र पनि छ तर यस पार्टीको विगतको इतिहास हेर्दा अब यो पनि कार्यकर्तामा आधारित पार्टी नरहेर अध्यक्षमुखी भइसक्यो भन्दा अत्युक्ति नहोला ।

नेपालको विगत तीन दशक लामो राजनीतिक इतिहासमा प्रमुख राजनैतिक दल नेपाली काङ्ग्रेस र नेकपा एमालेलाई पार्टी विधान अनुसार एवं लोकतान्त्रिक तरीकाले अघि बढिरहेको पार्टीको रूपमा विश्लेषण गरिँदै आएको छ । हुनत नेपाली काङ्ग्रेसका कतिपय सभापतिहरू खासगरी स्व. गिरिजाप्रसाद कोइराला र वर्तमान सभापति शेरबहादुर देउवामाथि पनि मनपरी तरीकाले पार्टी सञ्चालन गरेको आरोप नलागेको होइन तर समग्रमा यी पार्टीहरूले आफ्नो सङ्गठनभित्र लोकतान्त्रिक अभ्यासलाई आत्मसात गर्दै आएका छन् । नेकपा एमालेलाई अपेक्षाकृत बढी अनुशासित, लोकतान्त्रिक, आर्थिक पारदर्शिता रहेको, अनुभव, समर्पण एवं त्यागको समुचित मूल्याङ्कन हुने गरेको तथा सामूहिक नेतृत्वको भावनाबाट सञ्चालित पार्टीको रूपमा बुझिँदै आएको हो । नेपाली काङ्ग्रेसलाई जनतामा आधारित तथा नेकपा एमालेलाई कार्यकर्तामा आधारित पार्टीको उपमा पनि प्राप्त छ । तर सत्ताधारी नेकपा एमालेको हालै सम्पन्न केन्द्रीय समितिको बैठकले पार्टी अध्यक्ष केपीशर्मा ओलीलाई व्यापक अधिकार प्रदान गरेपछि अब नेकपा एमाले पनि मधेसवादी राजनीतिक दलहरू तथा ससाना वामपन्थी दलहरूजस्तै अध्यक्षमुखी पार्टी बन्न गएको मान्नुपर्छ । इमानदार, निष्ठावान्, समर्पण भावले र देश एवं जनताको निम्ति केही राम्रो गर्न चाहने मनसायले राजनीतिमा पदार्पण गर्न खोजेकाहरूले आफ्नो निर्णयमाथि पुनर्विचार गर्नु आवश्यक देखिन्छ । नेपाली युवा एवं विद्यार्थीहरूको स्वाभाविक रोजाइ नेकपा एमाले रहिआएको हो तर यस पार्टीमा पनि अब 'व्यक्ति उपासक' कार्यकर्ताहरूको बाहुल्य हुन जाँदा गणेश परिक्रमा नै अब मूल्याङ्कनको आधार बन्ने निश्चित छ । पार्टी अध्यक्षलाई असीमित अधिकार प्रदान गर्ने विषयमा सहमति जनाउनेहरू भोलिका दिनमा आफू पनि कठोर कारबाईका लागि तयार रहनु आवश्यक छ । पार्टी अध्यक्षलाई असीमित अधिकार दिएपछि अनुशासनको अर्थ चाटुकारिता र निष्ठाको अर्थ नेतृत्वको उपासना हुन जान्छ ।

सत्ताधारी नेकपाको यस निर्णयले पार्टीलाई मधेसवादी राजनीतिक दलहरूको बाटोमा अग्रसर गराएको छ । सर्वोच्च अदालतको गत फागुन २३ को फैसलापछि आफ्नो मातृ पार्टीमा फर्कन बाध्य भएका माधवकुमार नेपाल समूहहरू थप लज्जित भएर पार्टीमा फर्किनुको विकल्प रहेन ।

सत्ताधारी नेकपा एमालेको हालै सम्पन्न केन्द्रीय समितिको बैठकले पार्टी अध्यक्ष केपीशर्मा ओलीलाई समानुपातिक सांसदको बन्द सूची हेरफेर, निर्वाचन आयोग र अन्य आधिकारिक निकायहरूमा पत्राचार गर्ने अधिकार, केन्द्रीय र मातहतका कमिटी सदस्यहरूको बिदाइ, मनोनयन तथा कारबाईमा एकलौटी अधिकार प्रदान गर्ने निर्णय गरेको छ । अब पार्टीसम्बन्धी निर्णय गर्न उनले पार्टी कमिटीको राय लिइरहनुपर्दैन, आफ्नो मात्रै विवेकले चल्दा हुन्छ । नेपालको संविधान २०७२ मा प्रधानमन्त्रीलाई प्राप्त अधिकारका अतिरिक्त विगत तीन वर्षमा प्रधानमन्त्री केपीशर्मा ओलीले एकपछि अर्को निर्णय गर्दै आफूलाई नेपालको सात दशक लामो राजनीतिक इतिहासकै सर्वाधिक शक्तिशाली एवं अधिकारसम्पन्न प्रधानमन्त्री बनाउन सफल भएका छन् । एकातिर सर्वाधिक शक्तिशाली प्रधानमन्त्री र अर्कोतिर सर्वाधिक शक्तिशाली पार्टी सभापति भएपछि उनलाई कहींकतैबाट चुनौती आउने सम्भावना पनि रहेन ।

२०७१ सालमा सम्पन्न पार्टीको महाधिवेशनबाट ओली पहिलोपटक अध्यक्ष निर्वाचित भएका थिए । पार्टीको पदाधिकारी, स्थायी समिति र पोलिट ब्युरोमा समेत नेपाल खेमाको बहुमत भएका कारण उनी चाहेर पनि आफू अनुकूल निर्णय गराउन सकिरहेका थिएनन् । २०७५ जेठ ३ मा माओवादी केन्द्रसँग एकीकरणपछि सहअध्यक्ष पुष्पकमल दाहालसित समन्वय गरी पार्टीमा ओली, नेपाल खेमाको विरोधका बावजूद आवश्यक निर्णय गराउन सफल भइरहेका थिए । माधव नेपाल समूहको विरोध भने जारी नै रह्यो । विगत एक वर्षदेखि सत्ताधारी नेकपाभित्र उत्पन्न अन्तर्कलहका कारण अल्पमतमा परेका प्रधानमन्त्री ओलीले पार्टीभित्रका आफ्ना विरोधीलाई ठेगान लगाउन असंवैधानिक तरीकाले भए पनि प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनको सिफारिश गरेका थिए । आफ्नो यस दाउले उनी पार्टीका वरिष्ठ नेताहरू सहअध्यक्ष पुष्पकमल दाहाल, पूर्वअध्यक्ष झलनाथ खनाल एवं माधवकुमार नेपाल, वरिष्ठ नेता भीम रावलहरूलाई पाठ सिकाउन चाहन्थे तर सर्वोच्च अदालतले प्रधानमन्त्रीको सिफारिशलाई असंवैधानिक भन्दै प्रतिनिधिसभा पुनः स्थापनाको पक्षमा निर्णय सुनाउने काम गर्‍यो । ओली विरोधी सत्ताधारी दलका नेताहरूको खुशीको सीमा रहेन । ओली विरोधीहरू एकअर्कालाई सफलताको निम्ति बधाई साटासाट गरेको एक महीना पनि बित्न पाएको थिएन कि सर्वोच्च अदालतको अर्को फैसलाले पुरानो नेकपा एमाले र नेकपा माओवादी केन्द्रलाई जीवित गर्दै नेकपा एकीकरणलाई नै खारेज गरिदिने काम गर्‍यो । प्रधानमन्त्री ओलीको निम्ति यो निर्णय कुनै दैविक वरदानभन्दा कम साबित भएन र उनका विरोधी नेता र सांसदहरू पनि आफ्नो पद जोगाउन अब बाध्य भएर ओलीलाई आफ्नो नेता मान्ने भए । नेकपा हुँदा आफूलाई साधारण सदस्यसमेत नरहने गरी हटाएका नेपालसँग रिस फेर्न पनि ओली एमालेलाई पूर्व अवस्थामा फर्काउन चाहिरहेका छैनन् ।

समानान्तर कार्यकर्ता भेला गरेका माधवकुमार नेपाल समूहमाथि एकपछि अर्को प्रहार गर्न ओली समूह तयार रहेको देखिन्छ । वरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष भीम रावल, उपमहासचिव घनश्याम भुसाल र स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डेलाई स्पष्टीकरण सोध्ने ओली पक्षको निर्णयले पार्टीमा पुनः फर्किन इच्छुक देखिएका नेपाल समूहलाई थप अपमानित गर्ने काम गरेको छ । अब नेपाल समूहमा रहेका समानुपातिक सांसदहरूको पद समाप्त गर्ने अथवा आफ्नो पक्षमा खुलेरै उभिन ओलीले बाध्य पारेका छन् । त्यसैगरी निर्वाचित सांसदहरूलाई पनि आफ्नो पक्षमा उभिन उनले बाध्य पार्नेछन् ।

कुनै पनि राजनीतिक दलभित्र हुने विवाद त्यसको आन्तरिक मामिला हुने गर्दछ तर सत्ताधारी दलभित्रको विवादले सरकार सञ्चालनको स्वाभाविक दिशालाई समेत प्रभावित गर्ने गरेका कारण स्वाभाविकरूपमा नै सत्ताधारी दलको अन्तर्कलहप्रति सर्वसाधारणको पनि चासो हुन जान्छ । सत्ताधारी नेकपा एमालेको यस अन्तर्कलहले यस पार्टीलाई असर पारोस् अथवा नपारोस् तर देशको आर्थिक विकास, राजनीतिक स्थायित्व र स्थायी शान्तिको अवस्थालाई कुनै न कुनै रूपमा प्रभावित पार्ने निश्चित छ ।

सत्ताधारी नेकपा एमालेले आफ्नो संसदीय दलको विधानमा संशोधन गरी संसदीय दलको उपनेता, प्रमुख सचेतक, सचेतक, राष्ट्रियसभामा दलका नेता तथा सचेतक संसदीय दलले छान्ने व्यवस्था रहेकोमा अब दलका नेताले नै मनोनयन गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी प्रतिनिधिसभामा दलका नेता पनि सोही सदनका सांसदले छान्न पाउने छन् । अब 'पार्टी अध्यक्ष केपीशर्मा ओली नै एमाले र एमाले नै केपी ओली' बुझ्नुपर्ने हुन्छ । एक किसिमले केन्द्रीय समितिको बैठकमार्फत पार्टीको सम्पूर्ण अधिकार आफ्नो हातमा लिन ओली सफल भएका छन् । विगतका दिनमा सङ्गठनलाई बलियो बनाउने काम हुन्थ्यो, नेतृत्वलाई होइन, किनभने पार्टी बलियो भएपछि यसका नेताहरू पनि स्वतः नै बलियो हुन्छन् भन्ने मान्यता थियो । मधेसवादी राजनीतिक दलहरूमा अध्यक्षबाहेक अरूको कुनै अर्थ र महत्त्व हुँदैन । पार्टी अध्यक्षले नै आफ्नो खल्तीबाट पैसा निकालेर खर्च गर्ने गरेका कारण पार्टीमा मनपरी पनि एक्लै अध्यक्षकै चलिरहेको हुन्छ । शायद त्यही भएर पार्टीको टिकट बिक्री हुन्छ, समानुपातिकको सिट बिक्री हुन्छ र नेताहरू आफ्ना पत्नी, नातेदार, ठेकेदार र व्यापारीलाई उच्च महत्त्व दिने गरेका हुन्छन् । मधेसी दलहरूमा उपाध्यक्ष, महासचिवदेखि वडासम्मको कार्यकर्ताको एउटै महत्त्व हुन्छ । अध्यक्षलाई सम्पूर्ण अधिकार सुम्पेपछि पार्टीले मूल्याङ्कन गरेन भनेर आरोप पनि लगाउन सकिंदैन । पार्टी बलियो बनाउनुको अर्थ सङ्गठनलाई सामूहिक नेतृत्वको भावनाबाट सञ्चालित गराउनु हो तर नेतृत्वलाई बलियो बनाउने चाहना राख्नेहरूले सङ्गठनको चिन्ता नगर्दा पनि हुन्छ ।

हुनत यो सत्ताधारी नेकपा एमालेको आन्तरिक निर्णय हो र यसको निम्ति ऊ स्वतन्त्र पनि छ तर यस पार्टीको विगतको इतिहास हेर्दा अब यो पनि कार्यकर्तामा आधारित पार्टी नरहेर अध्यक्षमुखी भइसक्यो भन्दा अत्युक्ति नहोला ।

# एनआईका विद्यार्थीहरूको अध्ययन भ्रमण

प्रस, वीरगंज, १२ चैत/

वीरगंजस्थित नेशनल इन्फोटेक कलेजका विद्यार्थीहरूले बिहीवार हेटौंडास्थित प्रकोप रिकभरी सेन्टर (एकीकृत डाटा केन्द्र) को अध्ययन भ्रमण गरेका छन् ।

बिएससिसिएस आइटी र बिसिएमा अध्ययनरत विद्यार्थीहरूको पाठ्यक्रम अनुसार प्रयोगात्मक अध्ययन भ्रमण गराइएको कलेजका प्राचार्य मनीष सिंहले बताए ।

प्राचार्य सिंहको नेतृत्वमा विद्यार्थीहरूलाई आइटी संयोजक अमरिश सिंह, स्नातक तह कार्यक्रम संयोजक विजय कुशवाहा र प्रकोप रिकभरी सेन्टरका प्राविधिकहरूले सेन्टरका विविध पक्षबारे जानकारी गराएका थिए ।

नेपाल सरकारको सिंहदरबारस्थित डाटा केन्द्रसँग प्रत्यक्ष जोडिएको हेटौंडा हुप्राचौरस्थित रिकभरी सेन्टर कोरियाली सरकारले निर्माण गरी गत वर्ष नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । उक्त केन्द्रमा विद्युतीय चालक इजाजतपत्र, सवारी दर्ता, एमआरपी, राष्ट्रिय

(बाँकी पाँचौं पातामा)




# केडिया आँखा अस्पतालमा दाताद्वारा सहयोग सामग्री हस्तान्तरण

प्रस, परवानीपुर, १२ चैत/

बारा, परवानीपुर गाउँपालिका वडा नं ४ चैनपुरमा रहेको केडिया आँखा अस्पताल परवानीपुरमा दाताहरूले सहयोग सामग्री हस्तान्तरण गरेका छन् ।

ग्लोबल आइएमई बैंक आदर्शनगर शाखाले तीनवटा बिरामी ओसार्ने ह्वीलचियर, परवानीपुर गाउँपालिकाले पानी प्रशोधन मेशिन र अस्पताल सञ्चालक समितिका सदस्य रमेश अग्रवालले शल्यक्रियामा काम लाग्ने बत्ती मेशिन एक थान सहयोग गरेका छन् ।

अस्पताल परिसरमा आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा दाताहरूले नेपाल नेत्र ज्योति सङ्घका वरिष्ठ उपाध्यक्ष श्याम पोखरेललाई सहयोग हस्तान्तरण गरेका थिए ।

अस्पताल सञ्चालक समितिका प्रदीप केडियाको अध्यक्षतामा भएको

(बाँकी पाँचौं पातामा)




सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## बङ्गलादेश नेपालको लागि लाभदायक बजार

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**बङ्गलादेशको छिमेकी राष्ट्रहरूसँग ठूलो समस्या छैन, भारत र पाकिस्तानभ्कैं। यसैगरी बङ्गलादेशी समाज धर्ममा अति कट्टर पनि छैन, अफगानीहरू भएभ्कैं। बङ्गलादेश मूलतः व्यापारी राष्ट्र हो। यी कारणहरूले गर्दा पनि नेपालले बङ्गलादेशसँग व्यापार गर्नु निकै लाभदायक हुने देखिन्छ।**

चीन र भारतपछि नेपालको सबैभन्दा नजीकको छिमेकी देश बङ्गलादेश हो। बङ्गलादेशसँग सिमाना नजोडिएको भए पनि यो देश नेपालको निकट छिमेकी हुन पुगेको छ। भौगोलिकरूपमा बङ्गलादेश भूटानभन्दा पनि नेपालबाट नजीक छ। बङ्गलादेशको सिमाना नेपालसँग जोडिएको भए वा नेपालले आफ्नै जलमार्ग प्रयोग गरेर बङ्गलादेशसम्म पुग्न सक्ने स्थिति भएको भए बङ्गलादेश नेपालको लागि एउटा भरपर्दो बजार हुन सक्थ्यो। तर बङ्गलादेशसम्म पुग्न नेपालको लागि सीमा जटिलता (भारतको भूमि प्रयोग गरेर जानुपर्ने) भएकोले यो मुलुक नेपालको लागि भरपर्दो एवं लाभदायक बजार हुन सकेको छैन। नेपालले बङ्गलादेशसम्म पुग्न भारतको भरपर्नु पर्ने र बेलाबेलामा भारत र नेपालबीच कटुता उत्पन्न हुने भएकोले बङ्गलादेश नेपालको लागि लाभदायक बजार हुन सकेको छैन। यस किसिमको खास स्थितिमा नेपालको बङ्गलादेशसँगको व्यापारिक सम्बन्ध भारतले नेपाललाई गर्ने व्यवहारमा निर्भर हुन पुगेको छ। तर नेपालले बङ्गलादेशसँग व्यापारिक साझेदारी गरेर ठूलो लाभ प्राप्त गर्ने सुनौलो अवसर पनि छ।

नेपाल–बङ्गलादेश व्यापारिक सम्बन्धका विभिन्न आयाम छन्। बङ्गलादेशको सांस्कृतिक प्रकृति खास किसिमको छ। यो देशको बहुसङ्ख्यक व्यक्तिको धर्म पाकिस्तानसँग (इस्लाम) मिले तापनि संस्कृति भने हिन्दू संस्कृतिसँग मिल्न आउँछ। यो कारणले पनि बङ्गलादेश नेपालको लागि एउटा राम्रो व्यापारिक साझेदार हुन सक्छ। बङ्गलादेशका बहुसङ्ख्यक व्यक्ति नेपालमा पर्यटकको रूपमा आउन सक्छन्। नेपालको पर्यटन क्षेत्रले बङ्गलादेशबाट राम्रो आम्दानी प्राप्त गर्न सक्छ। त्यसकारण नेपालले बङ्गलादेशसँगको व्यापारको सन्दर्भमा पर्यटनमा खास जोड दिनु लाभदायक देखिन्छ।

धार्मिक सहिष्णुता बङ्गलादेशमा पाकिस्तानभन्दा बढी छ। तालिबान, अलकायदाजस्ता कट्टर धार्मिक सङ्गठनको प्रभाव पाकिस्तानको तुलनामा बङ्गलादेशमा ज्यादै कम छ। धार्मिक सहिष्णुताले बङ्गलादेशलाई स्थिर बजार बन्न विशेष सहयोग पुऱ्याएको छ।

बङ्गलादेश नेपालको लगि महत्त्वपूर्ण बजार हुन सक्नुका अनेक कारण छन्। बङ्गलादेश आर्थिकरूपमा उदीयमान बजार हो। बजार विनिमय दरको आधारमा बङ्गलादेश विश्वको ३९ औं ठूलो अर्थतन्त्र हो भने क्रय शक्तिको आधारमा विश्वको २९ औं ठूलो अर्थतन्त्र हो। तीव्ररूपमा आर्थिक प्रगति गर्ने मुलुकहरूमध्ये एकको पहिचान बनाएको बङ्गलादेश भारतपछि दक्षिण एशियाको दोस्रो ठूलो अर्थतन्त्र हो। यो मुलुक विश्वको ११ औं उदयीमान बजार हो। दक्षिण एशियामा भारत पछि यो देशसँग मात्र सर्वाधिक विदेशी–विनिमय सञ्चिति (foreign–exchange reserve) छ। यसैगरी विप्रेषण (Remittance) भित्र्याउने राष्ट्रहरूको सूचीमा यसको स्थान विश्वमैं आठौं रहेको छ। यो मुलुकले सन् २०१९ मा १७.५ बिलियन डलर विप्रेषण भित्र्याएको थियो। युरोपियन युनियन, संयुक्त राज्य अमेरिका, जापान, भारत, अस्ट्रेलिया, चीन एवं आसियान राष्ट्रहरूसँग महत्त्वपूर्ण व्यापारिक साझेदार रहेको बङ्गलादेशले कपडा (Textiles) उत्पादनमा विश्वमा नै ख्याति आर्जन गरेको छ। यसले ठूलो परिमाणमा तयारी पोशाक उत्पादन एवं निर्यात गर्दछ। यसबाहेक फर्मास्युटिकल्स, सिपबिल्डिङ, स्टील, विद्युतीय उपकारण, ऊर्जा, निर्माण सामग्री उत्पादन आदि क्षेत्रमा पनि बङ्गलादेश निकै अगाडि छ। खुला र उदार अर्थतन्त्रद्वारा मात्र देशको आर्थिक विकास तीव्र गतिमा हुन्छ भन्ने अवधारणमा बलियो विश्वास राख्ने बङ्गलादेश आफैंमा दक्षिण एशियाको बलियो बजार हुन पुगेको छ।

हालै (२०७९ चैत ९–१० गते) नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीबाट भएको बङ्गलादेशको दुई दिवसीय राजकीय भ्रमण एवं यो भ्रमणलाई बङ्गलादेशले दिएको उच्च महत्त्वले नेपाल–बङ्गलादेशबीच थप व्यापार विस्तार हुने सम्भावनालाई उच्च बल प्रदान गरेको छ। नेपाल एवं बङ्गलादेशका उच्च पदाधिकारीहरूबीच नेपाल–बङ्गलादेश व्यापार विस्तारबारे भएका विभिन्न छलफलहरूले बङ्गलादेश नेपालसँग असल समझदारी कायम गरी व्यापार गर्न इच्छुक रहेको देखिएको छ। साथै नेपालसँगको व्यापारलाई बङ्गलादेशले उच्च महत्त्व दिएको अनुभव गरिएको छ। राष्ट्रपति भण्डारी एवं नेपाली प्रतिनिधिमण्डललाई बङ्गलादेशले उच्च महत्त्व दिएको थियो। राष्ट्रपति भण्डारी र बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमीदबीच भेटवार्ता एव छलफलसमेत भएको थियो।

बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमीदको मैत्रीपूर्ण निमन्त्रणमा बङ्गलादेश पुगेकी राष्ट्रपति विद्यादेवी भण्डारीको स्वागत गर्न ढाकास्थित सहजलाल अन्तर्राष्ट्रिय विमानस्थलमा स्वयं राष्ट्रपति हमीद पुगेका थिए। राष्ट्रपतिका साथै विदेशमन्त्री, राज्यमन्त्री एवं अन्य केही मन्त्री पनि भण्डारीको स्वागतार्थ विमानस्थल पुगेका थिए। नेपालका राष्ट्रपतिको स्वागतार्थ विमान स्थलमा बङ्गलादेशका राष्ट्र प्रमुखलगायत अन्य उच्च अधिकारीहरूको उपस्थितिले बङ्गलादेशले नेपाललाई उच्च महत्त्व दिएको तथ्य पुष्टि हुन आएको छ। नेपालले बङ्गलादेशबाट पाएको यो स्नेह, सम्मान एवं महत्त्वलाई व्यापार विकासमा उपयोग गर्नुपर्छ। नेपाल–बङ्गलादेश व्यापार विकासका नयाँनयाँ तरीकाहरू हामीले खोजी गर्नुपर्छ। र यस्तो गर्न आवश्यक छ। नेपालले व्यापारका लागि भारत र चीनमाथिको अति निर्भरता घटाउन बङ्गलादेशसँग तीव्र गतिमा व्यापार बढाउन आवश्यक छ।

राष्ट्रपति भण्डारीको बङ्गलादेशको राजकीय भ्रमणको अवसरमा नेपाल र बङ्गलादेशबीच निम्न चार क्षेत्रमा सहकार्य गर्ने भनी एक समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारीहरू यस प्रकार छन् :

१ पर्यटन विकासका लागि दुवै राष्ट्रले सहकार्य गर्ने,
२ सन् २०२२ देखि २०२५ सम्म दुवै देशले संस्कृति आदानप्रदानमा सहकार्य गर्ने,
३ स्यानेटरी र फाइटो स्यानेटरी क्षेत्रमा दुवै राष्ट्रले सहकार्य गर्ने, तथा
४ थप रेल रूट (बङ्गलादेशको रोहनपुरदेखि भारत पश्चिम बङ्गालको सिंहबादसम्म) र ट्रान्जिट रूटका लागि सहकार्य गर्ने।

बङ्गलादेशसँग विभिन्न क्षेत्रमा व्यापार विस्तार गर्ने भनिए पनि अहिलेका लागि भने हामीले मुख्यगरी पर्यटन र निर्यातमा विशेष जोड दिनु आवश्यक छ। बङ्गलादेशले अहिले निर्यात, मुख्यगरी तयारी पोशाकबाट राम्रो आम्दानी प्राप्त गरिरहेको छ। यसैगरी विदेशमा काम गर्ने यस देशका नागरिकहरूले राम्रो आम्दानी गरेर ठूलो परिमाणमा विप्रेषण (Remittance) स्वदेश पठाइरहेका छन्। यी दुई क्षेत्रको राम्रो आम्दानीले गर्दा अहिले बङ्गलादेशीहरूको आम्दानी बढेको, माग बढेको छ र साथै क्रय शक्ति पनि बढेको छ। बङ्गलादेशीहरूको यो स्थितिले उनीहरूलाई पर्यटनमा अधिक खर्च गर्न सहयोग पुऱ्याएको छ। बङ्गलादेश नेपालको नजीक रहेको र नेपाल र बङ्गलादेशबीच सम्बन्ध अति नै सौहार्दपूर्ण रहेकोले ठूलो सङ्ख्यामा बङ्गलादेशीहरू नेपाल भ्रमणमा आउने उच्च सम्भावना छ। नेपालले आफ्नो पर्यटन नीति र नियम सरल पारेर बङ्गलादेशीहरूलाई नेपाल आउन आकर्षित गर्नुपर्छ र यो कार्यको थालनी छिटै गर्नु उपयुक्त हुन्छ। नेपाल पहाडी मुलुक भएको, प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहेको र हिमाली दृश्यको थप आकर्षणबाट सज्जित रहेकोले यहाँ बङ्गलादेशी पर्यटकहरू ठूलो सङ्ख्यामा आउने छन्। नेपाल उनीहरूका लागि नौलो, सस्तो र सुरक्षित गन्तव्य हुनेछ। सरकारले मात्र होइन, निजी क्षेत्रले पनि यसतर्फ चासो लिन आवश्यक छ।

निर्याततर्फ भने नेपालले बङ्गलादेशमा मौलिक नेपाली वस्तुहरू निर्यात गर्नु लाभदायक देखिन्छ। धातुले बनेका सामानहरू, जडीबुटी, मौलिक तयारी पोशाक, काष्टकलाका सामग्री, दृश्य चित्र, ऊनी कपडा, ढाकाका पोशाक आदि जस्ता मौलिक नेपाली उत्पादनहरू नेपालले बङ्गलादेश निर्यात गर्नु लाभदायक हुन्छ।

बङ्गलादेशको नेपालप्रतिको उदार दृष्टिकोण एवं सदाशयताको नेपालले व्यापारिक क्षेत्रमा व्यापक उपयोग गर्न आवश्यक छ। व्यापार विविधीकरणका लागि पनि यस्तो गर्नु आवश्यक छ। बङ्गलादेशसँगको व्यापार विस्तार भएमा आयातका लागि भारतप्रतिको अति निर्भरता पनि कम भएर जानेछ।

दक्षिण एशियाको दोस्रो आर्थिक महाशक्ति बङ्गलादेशसँग नेपालले आर्थिक सम्बन्ध विस्तार गर्नु नेपालको लागि आर्थिक मात्र होइन, बौद्धिकरूपमा पनि लाभदायक हुनेछ। यी दुई राष्ट्रबीच राम्रो व्यापारिक साझेदारी भएमा नेपालका व्यापारीहरूले व्यापारका अनेकौं तरीका बङ्गाली व्यापारीहरूबाट सिक्ने अवसर पनि पाउने छन्। हुन पनि बङ्गलादेशले छोटो अवधिमा, आफ्नो स्थापनाकालको केवल ५० वर्षको समयमा चमत्कारी आर्थिक प्रगति गरेको छ। र यस्तो प्रगति यसले नरम नीति र छिमेकी राष्ट्रहरूप्रति सम्मानपूर्वक दृष्टिकोणले गर्दा प्राप्त गरेको हो। बङ्गलादेशको छिमेकी राष्ट्रहरूसँग ठूलो समस्या छैन, भारत र पाकिस्तानभ्कैं। यसैगरी बङ्गलादेशी समाज धर्ममा अति कट्टर पनि छैन, अफगानीहरू भएभ्कैं। बङ्गलादेश मूलतः व्यापारी राष्ट्र हो। यी कारणहरूले गर्दा पनि नेपालले बङ्गलादेशसँग व्यापार गर्नु निकै लाभदायक हुने देखिन्छ।

## तरकारी तथा फलफूल व्यवसायीलाई क्युआर कोड हस्तान्तरण

प्रस, वीरगंज, १२ चैत/

नेपाल राष्ट्र बैंकले विद्युतीय कारोबार र मोबाइल बैंकिङ प्रवर्द्धन र पहुँच विस्तार गर्न क्युआर कोडमार्फत हुने भुक्तानीलाई







तस्वीर: सौजन्य

अभियानको रूपमा अगाडि बढाएको छ।

बुधवार माछापुच्छ्रे बैंक, वीरगंजले मीनाबजारमा आयोजना गरेको क्युआर कोड हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख विजयकुमार सरावगीले कोरोना महामारीको त्रास अझै केही वर्ष रहने हुनाले नगद कारोबारबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न क्युआर कोडमार्फत हुने भुक्तानी सेवाले महत्त्वपूर्ण भूमिका खेल्ने बताए। उनले वीरगंज महानगरपालिकाको कार्यालयमा समेत क्युआर कोड प्रविधिको सुरुआत गर्ने बताए।

उनले नेपाल राष्ट्र बैंकको पहलमा क्युआर कोडमार्फत हुने भुक्तानी अभियानलाई केन्द्रीय सरकार र स्थानीय सरकारबाट पूर्ण प्राविधिक तथा आवश्यक पूर्वाधार सहयोग, महानगरपालिकाको साथ र प्रशासनिक प्रक्रियामा सहजता प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले वीरगंज क्षेत्रका तरकारी तथा फलफूल व्यवसायीहरूलाई बैंकमा खाता खोली, मोबाइल बैंकिङको सेवा दर्ता गराइ क्युआर कोडमार्फत ग्राहकबाट भुक्तानी लिन अनुरोध गरे।

नेपाल राष्ट्र बैंकका निर्देशक डा राजनकृष्ण पन्तले मुद्रा र भुक्तानी प्रणालीको ऐतिहासिक विकासक्रम, क्युआर कोड भुक्तानी प्रणालीका अन्तर्राष्ट्रिय परिवेश र नेपालमा क्युआर कोड भुक्तानी प्रणालीको अवस्थाबारे जानकारी गराए। उनले बढ्दो स्मार्ट फोनको प्रयोग, वित्तीय साक्षरता, विस्तारित वित्तीय पहुँचका कारण नेपालमा क्युआर कोड भुक्तानी प्रणालीको प्रचुर सम्भावना रहेको बताए। उनले नेपाल राष्ट्र बैंकको सुरक्षित र सक्षम भुक्तानी प्रणालीको विकास गर्ने मुख्य भूमिका रहेको बताउँदै फागुन १७ गते अन्तर्राष्ट्रिय मापदण्डको 'क्युआर कोड स्टयान्डराइजेशन फ्रेमवर्क र गाइडलाइन–२०२१' जारी गरी ग्राहकसँग कुनै शुल्क लिन नपाइने र क्युआर एप सुरक्षा र अडिटलगायत ग्राहक गुनासो सुनुवाइको समेत व्यवस्था गरिएको बताए।

पर्सा जिल्लामा विद्युतीय कारोबारको अवस्थाबारे जानकारी दिंदै डा पन्तले पुससम्म मासिक ३ लाख ३२ हजार कारोबार सङ्ख्याबाट करीब रु एक अर्ब पच्चीस करोड कारोबार भएको बताए। उनले मोबाइल बैंकिङ सेवा लिनेको सङ्ख्या २ लाख पुगेको र मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा उल्लेख भए अनुसार फागुन १९ गते मोबाइल बैंकिङको दैनिक कारोबार सीमालाई दोब्बर बनाउँदै १ लाखबाट २ लाख रुपैयाँ बनाएको तथ्याङ्क पेश गरे। डा पन्तले बैंक तथा वित्तीय संस्थाहरूले विद्युतीय कारोबार प्रवर्द्धनका लागि वित्तीय साक्षरतामा गरिने निश्चित खर्चलाई संस्थागत सामाजिक दायित्वमा गणना गर्न सकिने व्यवस्था गरिएको बताए। क्युआर कोडमार्फत हुने भुक्तानीको फाइदाबारे प्रकाश पार्दै डा पन्तले क्युआर कोड निकै सहज भएको र नयाँ नोट छपाइ एवं ढुवानी गर्दा ठूलो धनराशि खर्च हुने गरेकोले क्युआर कोड भुक्तानी सेवामार्फत राज्यको सो खर्च घटाउन सकिने बताए। उनले नेपाल राष्ट्र बैंकले थालेको वित्तीय साक्षरता बढाउने अभियानमा यसबाट सहयोग पुग्ने, ग्राहक एवं खुद्रा पसलेलाई फाइदा हुने भएकोले सबै बैंक तथा वित्तीय संस्था, व्यवसायी तथा ग्राहकहरूलाई यस सेवामा जोडिन आह्वान गरे।

माछापुच्छ्रे बैंक प्रदेश २ का प्रमुख व्यावसायिक अधिकृत भरतकुमार लम्सालले व्यवसायीहरूलाई खाता खोल्नेदेखि अन्य कागजी प्रक्रियामा सहजता प्रदान गरिने बताए। उनले क्युआर कोडमार्फत हुने भुक्तानीमा निशुल्क सुविधा रहेको र यो सुविधा लिई ग्राहकहरू लाभान्वित हुने र बैंकिङ कारोबार तथा भुक्तानी प्रक्रिया सहज हुने बताए। कार्यक्रममा सहभागीहरूले क्युआर कोड सजिलो, सहज र भरपर्दो सेवा भएकोले सम्पूर्ण व्यवसायीलाई यस सेवामा आबद्ध हुन जोड दिए।

कार्यक्रममा तरकारी तथा फलफूल बजारका २२ जना व्यवसायीलाई क्युआर कोड हस्तान्तरण गरिएको थियो। नगरप्रमुख सरावगी र नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालयका निर्देशक डा राजनकृष्ण पन्तले तरकारी पसलमा गई किनमेल गरी क्युआर कोडमार्फत भुक्तानी गरेका थिए।

माछापुच्छ्रे बैंक प्रदेश २ का प्रमुख

(बाँकी चौथो पातामा)

## राजस्व चुहावट रोक्न सबै सामर्थ्य प्रयोग गर्ने अर्थमन्त्रीको दृढता

काठमाडौं, १२ चैत/रासस

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व चुहावट नियन्त्रणका लागि सबै सामर्थ्य प्रयोग गर्ने र अनियमित कार्यमा संलग्न हुनेप्रति कठोररूपमा प्रस्तुत हुने दृढता व्यक्त गरेका छन्। "राजस्व चुहावटप्रति सहिष्णु हुन सक्दैनौं, शक्तिका साथ प्रस्तुत हुन्छौं," केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको आज अर्थ मन्त्रालयमा भएको बैठकमा अर्थमन्त्री पौडेलले भने, "व्यवसाय अभिवृद्धि र संरक्षणलाई पनि उत्तिकै ध्यान दिन्छौं।"

अर्थमन्त्री पौडेलले निर्दोष नपरून् र दोषीले उन्मुक्ति नपाउने गरी काम गर्न निर्देशन दिंदै राजस्व परिचालनमा नकारात्मक असर नपरोस् भन्नेमा पनि सजगता अपनाउन सम्बन्धित विभाग र सुरक्षा निकायलाई आग्रह गरे। उनले चुहावट नियन्त्रणका लागि समन्वयात्मक ढङ्गले काम गर्न सम्बद्ध निकायका अधिकारीहरूलाई निर्देशन पनि दिए।

स्थानीय र केन्द्रीय तहमा अनुगमन बढाउनुपर्नेमा जोड दिंदै अर्थमन्त्री पौडेलले समस्या समाधानलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिए। उनले प्रणालीमा रहेका कमजोरीहरूलाई सुधार गर्दै प्रविधिको प्रयोग र त्यसमा रहेका कमजोरीलाई हटाउँदै काम गर्न जरुरी रहेको बताए।

अर्थ सचिव शिशिरकुमार ढुङ्गानाले मन्त्रालय, विभाग र सुरक्षा निकायबीच समयमैं सूचना आदानप्रदान गर्न आवश्यक भएको बताए। राजस्व सचिव रामशरण पुडासैनीले चुहावट नियन्त्रणका लागि नीतिगत र प्रणालीगत सुधार गरिरहेको जानकारी दिंदै आर्थिक गतिविधि बढेसँगै चुहावट हुने सम्भावना रहेकाले त्यसको नियन्त्रणमा सचेत रहन आवश्यक भएको बताए।

गृह मन्त्रालयका सचिव महेश्वर न्यौपानेले दोषीलाई कानून अनुसार कारबाई गर्ने प्रतिबद्धता व्यक्त गर्दै राजस्व चुहावट रोक्न नियमितरूपमा छलफल गर्नुपर्नेमा जोड दिए।

साथै उनले 'नियमितरूपमा अनुगमन गर्नुपर्छ' भने। राजस्व व्यवस्थापन महाशाखाका प्रमुख रामेश्वर दङ्गालले राजस्व चुहावट हुन नदिन विभिन्न निकायबाट निरन्तर प्रयास भइरहेको जानकारी दिंदै चुहावटमा संलग्नहरूविरुद्ध पनि कडाइका साथ कारबाई भइरहेको बताए।

भन्सार विभागका महानिर्देशक यमलाल भुसालले छोटी भन्सारहरूलाई प्रभावकारी बनाइने बताए। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक गजेन्द्र ठाकुरले जिल्लास्तरमा रहेका चुहावट नियन्त्रण समितिलाई प्रभावकारी बनाउन आवश्यक भएको धारणा व्यक्त गरे।

# समृद्धिका बाधक निराशाजनक विकास खर्च

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**विकास बजेट खर्च नहुनुमा आयोजनाहरू हचुवाका भरमा बजेटमा राखिने तर काम नहुने एउटा प्रमुख कारण हो । हचुवाका भरमा राखिएका आयोजनाको डिपिआर तयार भएको हुँदैन । आयोजना स्थलका रूख कटान, जग्गा मुआब्जाजस्ता विषय बाँकी नै रहेका हुन्छन् ।**

नेपालमा विकास बजेट खर्च गर्ने समस्या बर्सेनि दोहोरिने गरेको छ । विशेषगरी विकास बजेटमा देशको निराशाजनक प्रस्तुतिले समृद्धिको यात्रा नै अवरुद्ध हुँदै आएको छ । विगतमा केन्द्रीकृत राज्य संरचनाका कारण विकास बजेट खर्च गर्न अप्ठ्यारो परेको थियो । अहिले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति छ। मुलुक सङ्घीयतामा गए पनि त्यसको नेतृत्व गर्ने पात्र, प्रवृत्ति र कार्यशैली उस्तै देखिएको छ । त्यसैले प्रादेशिक सरकारको खर्च पनि निराशाजनक नै छ । यसरी विकास बजेट सरकारी खातामैं सञ्चित राख्ने राजनीतिक नेतृत्वले सङ्घीयतामा पनि घात गरिरहेको हुन्छ । केन्द्रदेखि प्रदेश र स्थानीय तहमा समेत खर्च हुन नसकेकोमा सङ्घीय सरकारको अर्थ मन्त्रालयसमेत चिन्तित देखिएको छ। अर्थ मन्त्रालयले सुधारका प्रयास हुँदाहुँदै पनि तीनै तहका सरकारको आयोजना कार्यान्वयन र खर्च गर्ने क्षमतामा अपेक्षित सुधार आउन नसकेको जनाएको छ।

अपेक्षा अनुसार खर्च हुन नसकेपछि सरकारले बजेटको आकार नै करीब नौ प्रतिशतले घटाएको थियो। चालू आर्थिक वर्षको पहिलो आठ महीना सकिए पनि बजेटले लक्षित गरेको पूँजीगत खर्च जम्मा २२ प्रतिशत मात्रै खर्च भएको अर्थ मन्त्रालयले जनाएको छ। यस आर्थिक वर्षको पहिलो आठ महीनामा जम्मा ७९ अर्ब ६९ करोड रुपियँ मात्र पूँजीगत खर्च भएको हो, जबकि विनियोजित बजेटमा गरिएको संशोधित अनुमान अनुसार दुई खर्ब ८३ अर्ब चार करोड रुपियाँ खर्च गर्ने लक्ष्य राखिएको छ। पूँजीगत खर्च लक्ष्यभन्दा निकै कम हुने गरेको यो पहिलोपटक होइन। गत आर्थिक वर्षको पछिल्लो चार महीनामा लकडाउन लागेपछि जम्मा ४७ प्रतिशत मात्रै पूँजीगत खर्च भएको थियो। गत आर्थिक वर्षमा चार खर्ब आठ अर्ब रुपियाँ पूँजीगत बजेट विनियोजन भएकोमा एक खर्ब ९२ अर्ब मात्र खर्च भएको थियो। त्यस अघिको आव २०७५-७६ मा पनि ७६.९३ प्रतिशत मात्रै पूँजीगत खर्च भएको थियो। विगत सात वर्षमा औसत ६६ प्रतिशत मात्रै पूँजीगत खर्च भएको छ। यस आवमा समेत विगत वर्षहरूको त्यही प्रवृत्तिले निरन्तरता पाएको छ । गत आर्थिक वर्षमा लकडाउनको प्रभाव परेको कारण खर्च पूरा गर्न नसकेको भन्न पाइए पनि यस वर्ष खर्चै गर्नका लागि यस्तो चुनौती राज्यसामु थिएन । पूँजीगत खर्च कम हुनु भनेको सरकारसँग जे-जति स्रोत-साधन उपलबध छ, त्यसको उपयोग सही र आवश्यक ढङ्गले गर्न नसक्नु हो। यस्तो अवस्था कि राजनीतिक प्रतिबद्धताको अभावमा सिर्जना हुन्छ, या बजेट खर्च गर्ने संस्थागत क्षमताको अभावमा। यसरी कुल बजेटको २२ प्रतिशत मात्रै रकम विकासमा खर्च गरेर सरकारले देशलाई कसरी समृद्धिको यात्रामा डोऱ्याउन सक्छ भन्ने प्रश्न उब्जिएको छ।

चालू आर्थिक वर्षको आठ महीना सकिंदासमेत प्रदेशको औसत खर्च १८ प्रतिशत पनि पुग्न सकेको छैन । यो अवधिमा सबैभन्दा बढी खर्च लुम्बिनी प्रदेशले करीब २३ प्रतिशत गरेको छ भने सबैभन्दा कम खर्च कर्णाली प्रदेशले ९ प्रतिशत मात्रै गर्न सकेको छ। हाम्रो राज्य प्रणालीका सबैजसो अङ्गमा बजेट खर्च गर्ने संस्थागत इच्छाशक्ति र क्षमता दुवै छैन। अहिलेको नेपालको आर्थिक विकासमा यो पक्ष निकै ठूलो बाधाका रूपमा रहेको छ। विश्वका सबै देशमा आर्थिक गतिविधि प्रभावित गर्ने सरकारको महत्त्वपूर्ण हतियार पूँजीगत खर्च हो। पहिलो र दोस्रो विश्वयुद्धका बीचका वर्षमा युरोपमा फैलिएको महामन्दीका समयमा सरकारले खर्च बढाएर रोजगार सिर्जना गर्नुपर्छ भन्ने तर्क जबर्जस्तरूपमा स्थापित भएको थियो। त्यसपछि यसैका आधारमा विकासोन्मुख देशमा सरकारले पूर्वाधार विकासलगायत सार्वजनिक सेवाका क्षेत्रमा ऋण काढेर भए पनि लगानी बढाउनुपर्ने अवधारणाको विकास भएको पाइन्छ। विकसित देशमा समेत व्यापार चक्रका कारण उत्पन्न हुने मन्दी र बेरोजगारी समस्यासँग जुझ्न पूँजीगत खर्च गर्नुपर्ने दबाब अहिले पनि छ। पूँजीगत खर्च हुँदा धेरै पक्षमा अर्थतन्त्रलाई गतिशील बनाउन मदत पुग्छ । पहिलो त यस्तो खर्चले उत्पादन क्षमता वृद्धि गर्छ। जस्तो विद्युत् उत्पादन बढ्यो भने त्यसले घरदेखि उद्योग क्षेत्रसम्म उत्पादकत्व बढाउन सहयोग गर्छ । यातायात सुविधाजनक बढाउन लगानी गरिएको छ भने त्यसले वस्तु तथा सेवाको ओसारपसारमा रहेको बाधा हटाउँछ। यस्ता परियोजनामा गरिने खर्चले रड, सिमेन्टलगायत निर्माण सामग्री उद्योगको उत्पादनको माग बढ्छ। त्यसले ती उद्योगमा रोजगार बढाउँछ । त्यसको कच्चा पदार्थको माग बढ्छ। परियोजना सञ्चालन हुने क्षेत्रमा प्रत्यक्ष रोजगार सिर्जना हुन्छ । त्यस्तै परियोजनास्थल वरपर खाजा-खाना पसलदेखि विभिन्न सेवाको माग बढ्छ । त्यसले अप्रत्यक्ष रोजगार सिर्जना गर्छ। यही बजेटबाट आउने पैसाले अर्थतन्त्रमा माग पक्षको दबाब सिर्जना हुन्छ र स्वतः आपूर्ति पक्षमा गतिशीलता ल्याउँछ । नेपालको सन्दर्भमा हाम्रो राज्य प्रणालीको संस्थागत क्षमता निकै कमजोर रहेको बुझिन्छ। परियोजनाको छनोट, बजेट निर्माण र खर्च प्रक्रियामा रहेका समस्या, कर्मचारी प्रशासनको क्षमता र इच्छाशक्तिजस्ता क्षेत्रमा लगानी बढाएर तिनलाई प्रभावकारी बनाए मात्र यस्तो समस्याबाट मुक्त हुन सकिएला।

२०४६ सालको राजनीतिक परिवर्तनपछिका वर्षहरूमा विकासको काममा अवरोध गर्नेगरी विभिन्न किसिम समस्या आएका थिए । राजनीतिक दलहरूको बारम्बारका बन्द, हडताल, आन्दोलन, माओवादी द्वन्द्व, भूकम्पजस्ता विविध समस्या आएका थिए । २०७२ वैशाख १२ मा गएको भूकम्पका बेला पनि विकास खर्च ६० प्रतिशत हाराहारी थियो। अहिलेजस्तो निराशाजनक थिएन। भूकम्प वर्ष २०७२-०७३ मा सरकारले २ खर्ब ८ अर्ब रुपियाँ विकास खर्च गर्ने लक्ष्य राखेकोमा एक खर्ब २२ अर्ब खर्च भएको थियो । पछिल्ला सात वर्ष (२०७०-७१ देखि ०७६-७७ सम्म) को सरकारको विकास बजेट खर्च लक्ष्य र यथार्थ खर्चसँग तुलना गर्दा पनि यो वर्ष ज्यादै न्यून देखिन्छ। यसबीच कुनै वर्ष ८० प्रतिशतसम्म पनि खर्च भएको छ। भूकम्पको वर्षबाहेक अन्य कुनै पनि वर्ष खर्च ६५ प्रतिशतभन्दा कम भएको छैन। नेपालको विकास खर्च गर्ने क्षमतालाई २०४६ सालपछिका वर्षहरूमा हेर्दा औसतमा लक्ष्यको ७० प्रतिशतभन्दा माथि पुग्न सकेको छैन। अर्थविज्ञहरूले यसका विभिन्न कारण औंल्याउँदै आएका छन्। कार्यसम्पादन सम्झौता गर्ने तर विभिन्न बहाना बनाएर काम नगर्ने सरकारी कर्मचारी र ठेकेदारलाई कारबाई नहुने, उल्टै मूल्य बढाएर आयोजनाको समय लम्ब्याउने खेल सबैभन्दा खतरनाक मानिएको छ। यस्तै विज्ञहरूले अहिलेको काम गर्ने परिपाटी परिवर्तन नगरेसम्म खर्च नबढ्ने बताउँदै आएका छन्। विज्ञका अनुसार साउनदेखि शुरू हुने बजेटको कम्तीमा दशैं-तिहार अघि टेन्डरका सबै प्रक्रिया पूरा गरेर मङ्सिरदेखि काम शुरू गर्ने वातावरण बनाउन सके मात्र खर्च बढ्ने छ। अर्कोतिर प्रत्येक वर्ष धेरै विकास बजेट पाउने बहुवर्षे आयोजनाका लागि बर्सेनि ठेक्का प्रक्रियामा जान पर्दैन। यस्ता आयोजनामा कम्तीमा भदौदेखि नै खर्च गर्ने प्रणाली विकास गर्नुपर्ने सुझाव पनि विज्ञहरूको छ।

यस्तै विकास बजेट खर्च नहुनुमा आयोजनाहरू हचुवाका भरमा बजेटमा राखिने तर काम नहुने एउटा प्रमुख कारण हो। हचुवाका भरमा राखिएका आयोजनाको डिपिआर तयार भएको हुँदैन। आयोजना स्थलका रूख कटान, जग्गा मुआब्जाजस्ता विषय बाँकी नै रहेका हुन्छन्। एक आर्थिक वर्षमा यस्तै समस्या सुल्झाउन समय लाग्छ । त्यस्तोमा विनियोजित रकम खर्च हुन सक्दैन। त्यस्तै जिल्ला दररेटको समस्याले पनि समयमा आयोजना सम्पन्न हुन सकेको छैन । जिल्लाले समयमा चालू आर्थिक वर्षको दररेट कायम नगरेसम्म आयोजनाहरूको डिपिआर तयार गर्न समस्या हुन्छ। नयाँ दररेट कायम गर्न अर्को जिल्लालाई पर्खने चलन पनि छ। विकासे मन्त्रालयहरूले बजेटमा आयोजना धेरै राख्ने प्रचलनले पनि काम हुन नसकेको देखिएको छ। जनशक्ति कति छ र कतिसम्म काम पूरा गर्न सकिन्छ भन्ने विषयलाई नहेरी जथाभावी कार्यक्रम राख्ने प्रचलन छ। अहिले नै क्षमताभन्दा बढी सडक, सिंचाइ, पुलका कार्यक्रम राखिएका छन्। एउटै निर्माण व्यवसायीले धेरै ठेक्का एकै पटक लिनु पनि समयमा योजनाको निर्माण कार्य सम्पन्न नहुनु हो। निर्माण व्यवसायीले आफ्नो क्षमता नहेरेर जति पायो ठेक्का सकार गर्ने चलन छ। क्षमताले नभ्याउँदा काम हुने कुरै भएन। सरकारले अनुगमन प्रणाली पनि व्यवस्थित गर्न सकेको छैन। काम गर्नेलाई पुरस्कार र नगर्नेलाई दण्ड दिने सामान्य प्रणालीको पनि विकास हुन सकेको छैन । त्यस्तै ठूला, साना आयोजनालाई ढुङ्गा, गिट्टीजस्ता सामग्री सङ्कलन र आपूर्तिमा समस्या छ। ठूला आयोजनालाई उसले तोकेको स्थानबाट यस्ता सामग्री ल्याउन पाउने कानूनी व्यवस्था भए पनि पछिल्लो समय प्रदेश र स्थानीय तहबाट अवरोध भएका धेरै घटना छन्। सार्वजनिक खरीद ऐनलाई पनि काम गर्ने बाधकका रूपमा हेरिंदै आएको छ। आयोजनाहरूमा काम नहुनुमा मन्त्रालयबीच समन्वयको अभाव पनि हो। त्यसैले मुलुकको आर्थिक विकास र समृद्धिका लागि विकास बजेट खर्च गर्नेतर्फ सरकार संवेदनशील हुनैपर्दछ।

## इम्प्याक्ट नेपालद्वारा राहत वितरण

प्रस, वीरगंज, १२ चैत/

इम्प्याक्ट नेपालले वीरगंज-१४ मा ४० जना अपाङ्गलाई राहत वितरण गरेको छ। ३० किलो चामल, ३ किलो दाल, २ लिटर तेल, २ किलो चिनी/नून र ४ वटा साबुन ४० जना अपाङ्गलाई वितरण गरिएको छ। वडाध्यक्ष भरतप्रसाद कुर्मी, स्वास्थ्य कार्यालयका प्रमुख कामेश्वर चौरसिया, इम्प्याक्ट नेपालका परियोजना अधिकृत सुभाष कोइराला, जयनारायण खाँ थारू, नरेश पटेलको सहभागितामा राहत वितरण गरिएको हो।

यसैगरी, सोही संस्थाले बारा, परवानीपुर गापा-४ मा ३१ जना अपाङ्गलाई सोहीबमोजिमको राहत वितरण गरेको छ। वडाध्यक्ष गजेन्द्र पटेलसमेतको सहभागितामा राहत वितरण गरिएको हो।






सुरक्षित वैदेशिक रोजगारका लागि सचेतना फैल्याउँदै बाराको बधवनमा सडकनाटक देखाउँदै कलाकारहरू। तस्वीरः जीतलाल श्रेष्ठ

**तरकारी तथा.....**

व्यावसायिक अधिकृत भरतकुमार लम्सालको सभापतित्वमा भएको कार्यक्रममा वडाध्यक्षहरू ध्रुव नेपाल, राजकिशोर गुप्ता, तरकारी तथा फलफूल व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष विदुर गुप्ता, नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालयका उपनिर्देशक राजनप्रसाद अधिकारी, सहायक निर्देशक प्रदीप बानियाँ, वडा प्रहरी कार्यालय बिर्ताका निरीक्षक राजेशराज पुरीका साथै माछापुच्छ्रे बैंक वीरगंजका प्रमुख मनीष उपाध्यायलगायत सहभागी थिए।

## ठूलो परिमाणमा कपडा बरामद

प्रस, पर्सागढी, १२ चैत/

सशस्त्र प्रहरीले सुक्खा बन्दरगाह, परवानीपुर सडकखण्ड अन्तर्गतको वीरगंज-२४ बहुअरीस्थित गोदामबाट ठूलो परिमाणमा कपडा बरामद गरेको छ।




गोदामबाट कपडा बरामद गर्दै। तस्वीरः सौजन्य

सूचनाको आधारमा गोदामको ताला फोरेर चेकजाँच गर्दा ४५ पोका बरामद भएको र त्यस पोकामा कपडा भएको सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले बताए। सप्रनाउ बस्नेतले जिल्ला प्रशासन कार्यालय, पर्साका श्रवण झा, वडाध्यक्ष दशरथ राउत कुर्मी, वप्रका श्रीपुरका प्रनि दीपक साहसमेतको रोहबरमा गोदामको ताला फोडेको र त्यहाँबाट ४५ पोका कपडा बरामद भएको बताए। उनले गोदामधनीको खोजी भएको तर कोही सम्पर्कमा नआएपछि प्रक्रिया पुऱ्याएर ताला फोडिएको बताए।

यसअघि सशस्त्र प्रहरीले मङ्गलवार आइसिपीबाट धान भनेर पास भएको ट्रकमा १ करोड ३० लाख मूल्यको कपडा बरामद गरेको थियो।

## ८ महीनामा ११ करोड जरिवाना

प्रस, जीतपुर, १२ चैत/

२ नं प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया, बाराले ८ महीनामा १ लाख ६० हजार सवारीसाधन र चालकहरूबाट रु ११ करोड जरिवाना असुल गरेको छ।

चालू आवाको साउन-फागुन ८ महीनामा जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले १५ हजार ६५० सवारीसाधन र चालकबाट रु १ करोड १५ लाख १९ हजार जरिवाना असुल गरेको छ भने २ नं प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया र जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढले ३३ हजार ६२४ सवारीसाधन र चालकहरूबाट रु २ करोड ४८ लाख ५६ हजार जरिवाना असुलेको छ।

त्यस्तै, जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहट चपुरले ११ हजार ७१० सवारीसाधन र चालकबाट रु ८५ लाख ४९ हजार, जिट्राप्रका सर्लाहीले १६ हजार ५५० सवारीसाधन र चालकबाट रु १ करोड २४ लाख ६९ हजार, महोत्तरीले १३ हजार २१४ सवारीसाधन र चालकबाट रु ८९ लाख ६५ हजार, धनुषाले २० हजार ७७६ सवारीसाधन र चालकबाट रु १ करोड ३६ लाख २४ हजार, सिराहाले २९ हजार ६ सय सवारीसाधन र चालकबाट १ करोड ८३ लाख १६ हजार, सप्तरीले १८ हजार १ सय सवारीसाधन र चालकबाट रु १ करोड ५ लाख ६ हजार जरिवाना सङ्कलन गरेको पथलैयाका प्रमुख प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले जानकारी गराए।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## बङ्गलादेश स्थापना ५० वर्षः अर्थतन्त्रमा व्यापक प्रगति

गाजीपुर, बङ्गलादेश, १२ चैत/एएफपी

बङ्गलादेशले स्वतन्त्रता प्राप्त गरेको यसै साता ५० वर्ष पुगेको छ। गरीबीको चेपुवामा परेको बङ्गलादेशले पछिल्ला वर्षमा आर्थिक समृद्धिका दिशामा व्यापक प्रगति गरे पनि अधिकार कटौतीले चिन्तित बनाएको छ।

पछिल्ला वर्षहरूमा एक दलीयझैं देखिएको बङ्गलादेशको राजनीतिमा सरकारको विरोधमा कार्टून बनाए वा फेसबूकमा केही लेखे जेलमा परिने वा त्योभन्दा कडा सजाय भोग्नुपर्ने हुन सक्छ।

एबिएम समसुद्दीन बङ्गलादेशको आर्थिक प्रगतिबाट राम्रै लाभ प्राप्त गर्न सफल भएका छन्। उनले सन् १९९८ मा ११० वटा मेशिन र २५० जना कामदार राखेर एउटा स्वीटर बनाउने कारखाना खोलेका थिए। अहिले समसुद्दीनको हन्नान समूहका पाँचवटा कारखानाले दुई दर्जन युरोपेली ब्रान्डका लागि तयारी पोशाक आपूर्ति गर्दछ र यहाँ १० हजारभन्दा बढीले काम पाएका छन्।

"मेरो वार्षिक कारोबार अहिले झन्डै १० करोड डलर छ," ६६ वर्षीय समसुद्दीनले भने, "म जीरो (शून्य)बाट हीरो भएको छु।" समसुद्दीनको कार्यालयमा एएफपीसँग कुरा गर्दा मजदूरहरू जर्मनीको एस्प्रिट ब्रान्डका लागि तयारी पोशाक सिलाउँदै थिए।

सडक, बन्दरगाह र ऊर्जाको सुविधा जस्ता पूर्वाधारमा धेरै राम्रो गरेकामा हसिना सरकारको प्रशंसा गर्दै समसुद्दीनले १६ करोड ८० लाख जनसङ्ख्याका लागि मुलुकमा समृद्धिको नयाँ युग शुरू हुन लागेको बताए।

उनको कारखानाकी एक कामदारको नाम रूमा हो। उनी बङ्गलादेशी तयारी पोशाक उद्योगमा कार्यरत ३० लाख मजदूरमध्ये एक हुन्। हाल विश्वमा चीनपछि बङ्गलादेशबाट सबैभन्दा बढी तयारी पोशाक विदेश निर्यात हुन्छ।

सन् १९८० को दशकमा झाडापखाला लागेर रूमाकी आमाको निधन भएपछि उनी आफन्तको घरमा आश्रय लिन पुगेकी थिइन्। तर काकाले छोरीलाई शिक्षाको के जरूरत भन्दै किताब नै च्यातिदिए। पढ्न लेख्न नपाए पनि उनी अहिले तयारी पोशाक उद्योगमा काम गर्न थालेकी छन्।

अहिले उनी महीनामा ४२० अमेरिकी डलरसम्म कमाउँछिन्। मुस्लिम समुदायको पर्व ईदका दिनमा उनी र उनका पति दुवैले मिलेर एक हजार डलरभन्दा बढी रकम गाउँ लैजान्छन्। उनीहरू आफ्ना दुई बालबच्चाको शिक्षाका लागि महीनामा १२० डलरभन्दा बढी खर्च गर्न सक्ने भएका छन्।

"मलाई के विश्वास छ भने मजस्तो मेरा बालबच्चा शिक्षाबाट वञ्चित हुनुपर्नेछैन," उनले एएफपीसँग भनिन्। गाजीपुरस्थित धूलाम्य औद्योगिक नगरको एउटा पक्की घरमा उनको परिवार दुईवटा कोठा भाडामा लिएर बसेको छ।

सन् १९७१ मा बङ्गलादेश रक्तरञ्जित युद्धपछि पाकिस्तानबाट स्वतन्त्र भएको थियो। यस युद्धमा ३० लाखभन्दा बढी मानिस मारिएका थिए।

त्यसबखत बङ्गलादेशका ८० प्रतिशतभन्दा बढी मानिस गरीबीको रेखामुनि थिए। भोकमरी र सैन्य सत्ताविद्रोह नियमितझैं थिए भने जुट उद्योगसमेत अधिकांश उद्योगमा पाकिस्तानी व्यवसायीको स्वामित्व थियो।

अहिले बङ्गलादेशको परिस्थिति फेरिएको छ। विगत चार दशकदेखि बङ्गलादेशका बारेमा गहिरो अध्ययन गरेका नर्वेजियाली अनुसन्धाता एरिक जी जान्सेनका अनुसार बङ्गलादेशमा गरीबीको रेखामुनिको जनसङ्ख्या अहिले १० प्रतिशतको हाराहारीमा मात्र छ।

मुख्य बाली धानको उत्पादन तीन गुणाभन्दा बढी भइसकेको छ। सन् १९७१ मा मानिसको औसत आयु ४१ वर्ष रहेकामा अहिले त्यो ७३ वर्ष पुगिसकेको छ। विगत एक दशकमा बङ्गलादेशको अर्थतन्त्र वार्षिक ७ प्रतिशतको हाराहारीमा वृद्धि भएको छ


प्रधानमन्त्री शेख हसिना

र सन् २००० देखि प्रतिव्यक्ति जिडिपी पनि तीन गुणाभन्दा बढीले वृद्धि भएको छ। प्रधानमन्त्री शेख हसिनाको सरकारले सन् २०४१ सम्ममा बङ्गलादेशलाई "विकसित मुलुक"मा रूपान्तरण गर्ने योजना अघि सारेको छ। आर्थिक पक्षमा बङ्गलादेशले तीव्र गतिमा प्रगति गरिरहे पनि अधिकारकर्मीहरूले प्रधानमन्त्री हसिनाको शासनकालमा मानव अधिकार उल्लङ्घनका घटना बढेकामा सर्वत्र चिन्ता व्यक्त गरेका छन्। प्रधानमन्त्री हसिना सन् २००९ देखि लगातार बङ्गलादेशको प्रधानमन्त्री छन्। उनी बङ्गलादेशका राष्ट्रपिता शेख मुजिबुर रहमानकी छोरी पनि हुन्। रासस

### सडक बनाउँदा झा दम्पती....

सबै मासु गलिसकेको र कङ्काल मात्रै बाँकी रहेको अवस्थामा झा दम्पतीको शव फेला परेको जानकारी दिएका छन्। दुवै शव झा दम्पतीकै भएको निजका छोरा मनीषकुमार झाले पहिचान गरेका थिए। मृतकका छोरा मनीषले बुबाले लगाएको कपडा र आमाले लगाएकी चुरा साथै पोतेको आधारमा पहिचान गरेको बताए। घटनास्थलमा प्रदेश नं २ को प्रहरी, जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय सहोडवाका टोली पुगेर शव सुरक्षित गरी विधि विज्ञान प्रयोगशालामा पठाइएको छ।

झा दम्पतीको खोजतलाश तथा अनुसन्धानका लागि जिल्ला एवं प्रदेश प्रहरीका साथै केन्द्रबाट आएको सिआइबी टोली परिचालित थियो। प्रहरीले करीब ५० जनालाई सोधपूछ गरेपछि घटनाका अभियुक्त चारजनालाई हालै सार्वजनिकसमेत गरे पनि मृतकको शवबारे भने खुलिसकेको थिएन।

### एनआईका विद्यार्थीहरू.....

परिचयपत्र, विद्युतीय हस्ताक्षरलगायत मुलुकका महत्त्वपूर्ण डाटाहरू सङ्कलित छन्।

उक्त डाटाहरू सङ्कलन गर्ने तरीका, सुरक्षाका उपाय, ह्याकरहरूले आक्रमण गरेपछि रोकथामका उपायलगायतका विषयमा विद्यार्थीहरूलाई जानकारी गराइएको प्राचार्य सिंहले बताए।

### केडिया आँखा अस्पताल.....

कार्यक्रममा परवानीपुर गाउँपालिकाका अध्यक्ष हरिनारायण साह, ग्लोबल आइएमई बैंककी अधिकृत नमिता बराई, सहायक अधिकृत विकेश श्रेष्ठ, कर्मचारी युनियनका प्रतिनिधि नेत्र अधिकृत सुजित मेहतालगायतको सहभागिता थियो।

अस्पतालका वरिष्ठ प्रशासकीय अधिकृत प्रकाशकुमार वर्माले सहजीकरण गरेको कार्यक्रममा वक्ताहरूले अस्पतालले निस्स्वार्थरूपमा सेवा भावनाले ४७ वर्षदेखि सेवा दिइरहेको र आगामी दिनमा पनि अस्पतालले थप प्रभावकारी सेवा दिने बताए।


लोकसेवाको तयारी
निजामती सेवा: शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)
शिक्षक सेवा: माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह
ACHIEVERS INSTITUTE
Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300

Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

Om Advertising
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035


प्रदेश सरकार
प्रदेश नं २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय

फोन नं. ०५५-५२०१२५
Email: vhlsec.rautahat@gmail.com

### भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रौतहट

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

सूचना नं ५, प्रथमपटक प्रकाशित सूचना मिति : २०७७।१२।१३ गते

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रौतहटको आव २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालनका लागि यो सूचना प्रकाशन भएको मितिले १५औं दिन (मिति २०७७/१२/२७ गते)सम्म कार्यालय समयभित्र इच्छुक आवेदकहरूले तपसिल अनुसारका कागजातहरू संलग्न राखी शिलबन्दी आवेदन/प्रस्ताव दर्ता गराउनुहुन आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश हुन नसक्ने बेहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**कार्यक्रमहरू**

| क्र.सं. | कार्यक्रमको नाम | सङ्ख्या | बजेट | अनुदान प्रतिशत (%) | कार्यालयले बेहोर्ने रकम | अनुदान ग्राहीले बेहोर्ने रकम | अनुदान ग्राहीको योग्यता तथा प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरू | पेश गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|---|---|---|---|---|---|
| १ | माछा/मासु पसल सुधार कार्यक्रम | १ | २ लाख | ५० | २ लाख | २ लाख | दर्तावाला माछा, मासु बिक्री वितरण गर्ने सहकारी संस्था, व्यवसायी र व्यावसायिक फार्म | - व्यावसायिक योजनाबमोजिमको डिजाइन र लागत अनुमान।<br>- समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धतासम्बन्धी अधिकारिक बैठकको निर्णय प्रतिलिपि। |
| २ | जिउँदो माछा बजारको पूर्वाधार निर्माण/सुदृढीकरण कार्यक्रम | १ | ७ लाख | ५० | ७ लाख | ७ लाख | दर्ता भएका माछा बिक्री वितरण गर्ने समूह/समिति/सहकारी संस्था/सङ्घ, माछा व्यवसायी फार्म | - व्यावसायिक योजनाबमोजिमको डिजाइन र लागत अनुमान।<br>- समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धतासम्बन्धी अधिकारिक बैठकको निर्णय प्रतिलिपि। |
| ३ | मिटमार्ट स्थापना कार्यक्रम | १ | ७ लाख | ५० | ७ लाख | ७ लाख | दैनिक २०० किलो मासु बेचबिखन गरिरहेको मासु व्यवसायी, सङ्घसंस्था, सहकारी, फर्म, निजी उद्यमी | - समूह/सहकारी संस्थाको हकमा कार्यसमितिको निर्णय प्रतिलिपि।<br>- व्यवसाय योजनाबमोजिमको डिजाइन र लागत अनुमान। |
| ४ | डेरीपसल सुधार कार्यक्रम | २ | ४ लाख | ५० | ४ लाख | ४ लाख | दर्ता भएका दूध उत्पादक तथा बिक्री वितरण गर्ने सहकारी संस्था/डेरी उद्योग, दुग्ध व्यवसायी, कृषक समूह, समिति, सहकारी तथा व्यावसायिक फार्म र डेरीपसल | - व्यावसायिक योजनाबमोजिमको डिजाइन र लागत अनुमान।<br>- समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धतासम्बन्धी अधिकारिक बैठकको निर्णय प्रतिलिपि। |
| ५ | डेरी पार्लर स्थापना कार्यक्रम | १ | ७ लाख | ७५ | ७ लाख | २.३३ लाख | दैनिक ३०० लिटर दूधका परिकार बेचबिखन गरिरहेको डेरी उद्योग, दुग्ध कृषि सहकारी संस्था | - दूध उत्पादक सहकारी संस्थाको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपि।<br>- व्यावसायिक योजना अनुसारको डिजाइन र लागत अनुमान। |
| ६ | सफा तथा स्वच्छ दूध उत्पादन प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम | १ | ५ लाख | ७५ | ५ लाख | १.६६ लाख | दैनिक ३०० लिटर दूध बिक्री वितरण तथा प्रशोधन | - व्यावसायिक योजनाबमोजिमको डिजाइन र लागत अनुमान।<br>- समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धतासम्बन्धी अधिकारिक बैठकको निर्णय प्रतिलिपि। |
| ७ | सहकार्यमा व्यावसायिक पाडापालन कार्यक्रम | १ | १० लाख | ७५ | १० लाख | ३.३३ लाख | न्यूनतम ५० वटा पाडा पालिरहेको निजी व्यावसायिक फार्म | - |
| ८ | नगदे वस्तु पक्षीपालन प्रवर्द्धन कार्यक्रम | ४ | ८ लाख | ७५ | ८ लाख | १.३३ लाख | पक्षीपालन गरिरहेको व्यावसायिक कृषक | - कम्तीमा लेयर्स १०००, स्थानीय कुखुरा ३००० तथा हाँस ५०० पालन गरिरहेको। |
| ९ | स्थानीय तहको समन्वयमा सामाजिक तथा घरपालुवा कुकुरहरूमा बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम | १ | २ लाख | १०० | २ लाख | ० | सम्बन्धित निकायमा दर्ता भएका, करचुक्ता प्रमाणपत्र, पान नं. प्राप्त सङ्घसंस्था | - |
| १० | शहरी क्षेत्रमा छाडारूपमा पालिरहेका बङ्गुरपालन संरक्षण कार्यक्रम | ४ | २ लाख | १०० | २ लाख | ० | शहरी क्षेत्रमा कम्तीमा ५ वटा माउ बङ्गुर पालेको गरीब, सीमान्तकृत वर्गको कृषक | - कार्यक्रम सञ्चालन गर्नुपर्ने स्थानको जग्गाधनीको प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपुर्जासमेत करारपत्र वा स्थानीय तहले तोकेको सार्वजनिक जग्गा।<br>- स्थानीय तहको सिफारिश। |
| ११ | घाँसे बाली स्रोत केन्द्र स्थापना | १ | २ लाख | ७५ | २ लाख | ६६.६६ हजार | - | - समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धतासम्बन्धी अधिकारिक बैठकको निर्णय प्रतिलिपि। |

**तपसिल अनुसारका संलग्न गर्नुपर्ने कागजातहरू (सबैको लागि):**

- रु १०।- को हुलाक टिकट टाँसेको फा.नं. २ अनुसारको प्रस्ताव/आवेदन।
- फा.नं. ३ बमोजिमको कार्य योजना।
- व्यावसायिक फार्म/समूह/सहकारी/निजी फार्म/उद्योगीको सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. (PAN) प्रमाणपत्रको प्रतिलिपि।
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- आवेदकको नेपाली नागरिताको प्रमाणित प्रतिलिपि।
- अन्य प्रमाणपत्रहरू (तालीम, शैक्षिक योग्यता, अनुभव आदि)का प्रतिलिपिहरू।
- विगत ३ वर्षमा प्रदेश सरकारका कुनै पनि निकायबाट सम्झौता गरी अनुदान प्राप्त नगरेको।
- कार्यक्रम सञ्चालन गर्नुपर्ने स्थानको जग्गाधनीको प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपुर्जासमेत करारपत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मञ्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको)समेत।

**पुनश्चः** निवेदन/प्रस्तावको ढाँचा यस कार्यालय वा कार्यालयको वेबसाइट vhlsecrautahat.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**नोटः** थप जानकारीको लागि सम्पर्क पदाधिकारीहरू वीरेन्द्रप्रसाद पटेल (अधिकृतस्तर छैटौं) मो.नं. ९८५८३२०४६३, मदन सिंह यादव (सहायकस्तर पाँचौं) मो.नं. ९८४५१००४६१

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुसमाचार | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – सुयश | कन्या – बेचैनी |
| तुला – सफलता | वृश्चिक – विजय |
| धनु – वादविवाद | मकर – रोगभय |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# ऐतिहासिक मेलामा प्रदेश प्रमुख सम्मानित

प्रस, गरुडा, १२ चैत/

रौतहटको गढीमाई नगरपालिकास्थित ऐतिहासिक मेलाको




अवसरमा प्रदेश प्रमुख डा राजेश झा अहिराजलाई नगरपालिकाको तर्फबाट सम्मानित गरिएको छ। ऐतिहासिक फागु बैरिया मेला महोत्सवको उद्घाटनको अवसरमा बिहीवार गढीमाई नगरपालिकाका प्रमुख श्यामप्रसाद यादवले दोसल्ला ओढाएर सम्मानपत्रले सम्मानित गरेका थिए।

रौतहटको गढीमाई नगरपालिका–४ सुन्दरपुरमा जन्मेका प्रदेश प्रमुख डा अहिराजले रिबन काटेर ऐतिहासिक समनपुर मेलाको उद्घाटन गरेका थिए। सन् १८१४–१६ मा भएको नेपाल–अङ्ग्रेज युद्धको क्रममा ३१ डिसेम्बर १८१४ को मध्यरातमा नेपाली पक्षले अङ्ग्रेजी फौजमाथि आक्रमण गरी तितरबितर पारेको थियो। अङ्ग्रेजी सेनाबाट आधुनिक तोप, बन्दुक तथा अन्य हतियारहरू खोस्न सफल नेपाली पक्षले अङ्ग्रेज सेनालाई नराम्ररी पराजित गरेको स्मरणमा सोही वर्षदेखि समनपुरमा मेला लाग्दै आएको छ। दुई सय छ वर्षदेखि लाग्दै आएको ऐतिहासिक मेलालाई गढीमाई नगरपालिकाले केही वर्षदेखि व्यवस्थित गर्दै आएको छ।

सर्लाही र रौतहटका स्थानीयवासीले होलीको लागि आवश्यक सामग्री किन्ने मेलाको रूपमा समनपुर मेला प्रसिद्ध रहेको छ। पहिले करीब डेढ महीनासम्म लाग्ने ऐतिहासिक समनपुर मेला विगत केही दशकदेखि एक हप्तामा सीमित भएको छ। कोरोनाको कहरका बीच गत वर्ष र यो वर्ष पनि मेला केही प्रभावित भएको छ। उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख यादवले जिल्लाको सबैभन्दा पुरानो बजारको रूपमा रहेको समनपुरको ऐतिहासिक मेलाले देश बचाउन पितापुर्खाले खेलेको भूमिकालाई मेलाले सम्मान गर्ने गरेको बताए। लडैया समनपुरको इतिहासले देशको इतिहासमा पनि महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै नगरप्रमुख यादवले मेला र बजारको संरक्षण र विस्तारमा नगरपालिकाले सम्भव भएसम्मको काम गरिरहेको बताए। समनपुरको ऐतिहासिक मेलाको उद्घाटन आफ्नै ठाउँका प्रदेश प्रमुखबाट हुनु पनि एउटा उपलब्धि भएको नगरप्रमुख यादवको भनाइ थियो।

गढीमाई नगरपालिकाका उपप्रमुख, निमित्त प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू तथा नगरभित्रका विभिन्न क्षेत्रका समाजसेवी र राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको उद्घाटन कार्यक्रमको सञ्चालन मेलास्थलका वडाध्यक्ष रामविनय राय यादवले गरेका थिए।

मेलाको उद्घाटन गर्नुअघि प्रदेश प्रमुख डा अहिराजले आफूले पढेको समनपुरस्थित शङ्कर गुदर माध्यमिक विद्यालयको अवलोकन गरेका थिए। विद्यालयमा पस्नासाथ विद्यालयका शिक्षकशिक्षिकाले पूर्वविद्यार्थी प्रदेश प्रमुख डा अहिराजलाई गम्छा तथा फूलको माला र अबिरले स्वागत गरेका थिए।

# टाँगियाबस्ती स्थानान्तरण गर्न सरकारको ढिलाइ

प्रस, निजगढ, १२ चैत/

निजगढमा स्वतन्त्र युवाहरूको समूहले निजगढमा निर्माण गरिने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल यथाशीघ्र निर्माण गर्नुपर्ने माग राख्दै र्‍याली निकालेको छ। बिहीवार र्‍याली निकाल्दै हाम्रै पालामा विमानस्थल बन्नुपर्छ, विमानस्थल निर्माणका विषयमा नकारात्मक कार्य गर्ने गराउने विकासविरोधी हुन्, सरकार अघि बढ, जनता साथ दिन तयार छ, विदेशी चलखेल बन्द गर जस्ता नारा लगाउँदै सडकमा शान्तिपूर्ण प्रदर्शन गरेका थिए। प्रदर्शनपछि कोणसभासमेत भएको थियो।

विमानस्थल बन्ने हल्ला चलेको अढाई दशक पुगे पनि मुख्य निर्माण कार्यलाई सरकारले अघि बढाउन नसकेको भन्दै सरकारको आलोचनासमेत बढ्दै गएको छ।


निजगढमा बन्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका लागि चार किल्ला घेर्ने, पसाह खोला र बकैया खोलामा तटबन्धको कार्य भइरहे पनि मुख्य समस्याका रूपमा




रहेको वनक्षेत्रभित्रको टाँगियाबस्ती स्थानान्तरणमा सरकारले अझै पनि ठोस निर्णय गरेको छैन।

विमानस्थल निर्माणका लागि चाहिने कुल ११ हजार ८ सय ७५ बिघा क्षेत्रफलमध्ये पहिलो चरणको लागि १९ सय हेक्टर अर्थात् २ हजार ८५० बिघा वनक्षेत्रमा नम्बरिङ, टच्यागिङ कार्य शुरू गरे पनि अहिले रोकिएको छ। जस अनुसार दुईवटा प्लाटिङमा गरि ५७ हजार ३५० मा नम्बरिङ, टच्यागिङ कार्य गरिसकेको डिभिवन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले जानकारी दिए।

सरकारले चाहेमा विमानस्थल निर्माण गर्न खासै कुनै समस्या नभएको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण पक्षधरहरूले बताए पनि विमानस्थलको मुख्य काम राजनीतिक कारणले नै अघि बढ्न नसकेको हो।




# खेलकूदको संसार

## सप्तरी मेयरकप : बोदे बर्साइन र रूपनी राइडर्स विजयी

महबुब रजा, राजविराज, १२ चैत/

सप्तरीमा जारी तेस्रो संस्करणको राजविराज मेयर कप सप्तरी प्रिमियर लिग अन्तर्गत बिहीवार पाँचौं दिन सम्पन्न दुईवटा खेलमा कुशल भुर्तेल कप्तानीको रूपनी राइडर्स र सिद्धान्त लोहनी कप्तानीको बोदे बर्साइन थन्डर्सले जीत हासिल गरेका छन्।

राज रङ्गशालामामा सम्पन्न बिहीवारको पहिलो खेलमा रूपनी राइडर्सले मेहबुब आलम कप्तानीको टिभिएस किंग्स राजविराजलाई ६ विकेटले पराजित गर्‍यो। टिभिएस किंग्सले दिएको १६२ रनको लक्ष्य रूपनीले १६.२ ओभरमा ४ विकेट गुमाएर पूरा गर्‍यो। रूपनी राइडर्सको लागि कप्तान कुशल भुर्तेलले सर्वाधिक ५२ रन बनाए। उनले ३३ बलमा ६ चौका र २ छक्का प्रहार गरेका थिए। यस्तै, अमित यादवले ३१ बलमा ५ चौका र २ छक्काको मदतले ४५ तथा लोकेश बमले १२ बलमा ४ छक्का र १ चौका प्रहार गर्दै अविजित ३५ रन बनाए भने नीरज मुखियाले २३ रन बनाए। टिभिएस किंग्सको बलिङमा रोहित सिंह, दिनेश अधिकारी, सुरज कुर्मी र मेहबुब आलमले समान १ विकेट लिएका थिए।

यसअघि टस जितेर ब्याटिङ रोजेको टिभिएस किंग्स राजविराजले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १६१ रन बनाएको थियो। टिभिएस किंग्सको लागि ओपनर सोनु अन्सारीले सर्वाधिक ४५ रनको योगदान दिए। उनले ४० बलमा ८ चौका प्रहार गरेका थिए। सुरज कुर्मीले २७, मेहबुब आलमले २३, आसिफ शेखले १६ तथा रोबिन सिंह र सुदर्शन सिंहले समान १२ रन बनाएका थिए।

रूपनी राइडर्सको बलिङमा लोकेश बमले सर्वाधिक २ विकेट लिए। यस्तै, फिर्दोष अन्सारी, सुनील धमला, सुमित झा, अनिल यादव र अनुजकुमार यादवले समान १ विकेट लिए। खेलको प्लेयर अफ दि म्याच रूपनी राइडर्सका लोकेश बम चुनिए।

दोस्रो खेलमा बोदे बर्साइन थन्डर्सले दीपेन्द्र सिंह ऐरी कप्तानीको तिलाठी कोइलाडी जायन्ट्सलाई १०१ रनअन्तरले पराजित गरेको छ। बोदे बर्साइनले दिएको १८६ रनको लक्ष्य पछ्याउने क्रममा तिलाठी कोइलाडीले १४.४ ओभरमा सम्पूर्ण विकेट गुमाएर ८४ रन मात्र बनाउन सक्यो। तिलाठी कोइलाडीको लागि कप्तान ऐरीले सर्वाधिक २७, दिपेश कँडेलले १९ तथा चित्रबहादुर विष्टले १२ रन बनाउनुबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

बोदे बर्साइनका बलर विशाल सुश्लिङले सर्वाधिक ४ विकेट, सिद्धान्त लोहनीले ३ विकेट, वसन्त रेग्मीले २ विकेट तथा नारायण जोशीले १ विकेट लिए। यसअघि टस जितेर ब्याटिङ गरेको बोदे बर्साइन थन्डर्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १८५ रन बनाएको थियो।

बोदे बर्साइनका कप्तान सिद्धान्त लोहनीले शतक बनाउने क्रममा ४९ बलमा १२ चौका र ६ छक्का प्रहार गर्दै अविजित १०० रन बनाए। यस्तै, नारायण जोशीले १९, राहुल मण्डलले १७, योगेन्द्र सिंह कार्कीले १५ तथा विशाल सुश्लिङले १४ रनको योगदान दिए।

तिलाठी कोइलाडीको बलिङमा आदिल अन्सारी र चित्रबहादुर विष्टले समान २ विकेट लिए। यस्तै, राशिद खान र दीपेन्द्र सिंह ऐरीले समान १ विकेट लिए। खेलको प्लेयर अफ दि म्याच सिद्धान्त लोहनी चुनिए। पाँचौं दिनको खेल समाप्तिपछि लिग अङ्कतालिकामा रूपनी राइडर्स ४ खेलमा ३ जीतपछि ६ अङ्क बटुल्दै पहिलो स्थानमा रहँदै फाइनलमा स्थान पक्का गरिसकेको छ। ३ खेल खेलेको बजाज खडक वारियर्स र ४ खेल खेलेको तिलाठी कोइलाडी जायन्ट्सको समान ४ अङ्क रहे तापनि नेट रन रेटमा वारियर्स दोस्रो र जायन्ट्स तेस्रो स्थानमा छन्। समान २ अङ्क रहेको बोदे बर्साइन थन्डर्स चौथो र टिभिएस किंग्स राजविराज पाँचौं स्थानमा छ।

प्रतियोगिताको लिग चरणको अन्तिम खेल शुक्रवार बजाज खडक वारियर्स र टिभिएस किंग्स राजविराजबीच हुने भएको छ। वारियर्सले जीत दर्ता गरेको खण्डमा फाइनलमा स्थान सुनिश्चित गर्नेछ भने पराजित भएको खण्डमा पनि नेट रन रेटमा फाइनल पुग्ने सम्भावना प्रबल रहेको छ। टिभिएस किंग्स विजयी भएको अवस्थामा बजाज खडक वारियर्स, तिलाठी कोइलाडी र टिभिएस किंग्स राजविराजमध्ये नेट रन रेटमा अघि हुने टीम फाइनलमा पुग्नेछन्।

# विन्ध्यवासिनीमा पशु उपचार शिविर



सञ्जीव मिश्र, विन्ध्यवासिनी, १२ चैत/

विन्ध्यवासिनी गाउँपालिकामा निश्शुल्क पशु उपचार शिविर बिहीवार सम्पन्न भएको छ।

पालिकाको आर्थिक सहयोग एवं ग्रामीण समाज विकास बहुउद्देश्यीय सहकारी लिमिटेडद्वारा आयोजित कार्यक्रमको उद्घाटन वडा नं ५ का अध्यक्ष सुकदेवराउत अहिरले गरेका थिए।

आयोजक संस्थाका प्रतिनिधि एसएम झाको अध्यक्षतामा भएको कार्यक्रममा ५६० घरपरिवारका पशुपक्षी तथा चौपायाको स्वास्थ्य परीक्षण, खोप र औषधि वितरण गरिएको गाउँपालिकाको पशु स्वास्थ्य शाखाले जनाएको छ।

शिविरमा गाई, भैंसी, गोरु, बाख्रा, कुखुराको स्वास्थ्य परीक्षण गरिएको थियो भने समस्या देखिएका पशुपक्षीका लागि खोप दिनुका साथै औषधिसमेत वितरण गरिएको थियो।

शिविरमा पशुपक्षी स्वास्थ्यकर्मीहरू धीरज साह, मुक्तिसाह कानु, रविनारायण तिवारी, क्षत्रबहादुर साह कानु, विशाल पटेल, कमलेश गुप्तालगायतले सेवा पुर्‍याएका थिए।

# पर्सागढी नपाका कर्मचारी आन्दोलित

प्रस, पर्सागढी, १२ चैत/

पर्सागढी नगरपालिकाका



पर्सागढी नपा कार्यालयमा धर्ना दिंदै कर्मचारीहरू। तस्वीरः प्रतीक

कर्मचारीहरू आन्दोलित भएका छन्। बुधवार स्थानीय तीनजनाले इन्जिनीयर जगविजय साह र ओभरसियर सञ्जय साहलाई कुटपिट गरी घाइते बनाएपछि नगरपालिकाका कर्मचारी, वडासचिवहरूले बिहीवार संयुक्तरूपमा नपामा तालाबन्दी गरेर आन्दोलनमा उत्रेका हुन्।

उनीहरूले इन्जिनीयर र ओभरसियरमाथि हातपात गर्ने तीनजनालाई पक्राउ गरी कारबाई नभएसम्म आन्दोलन जारी रहने बताए। पर्सागढी नपा–४ का राजकुमार चौधरी, चन्द्र गुरुङ र वडा नं ९ का चन्देश्वरप्रसाद गौरो बुधवार नक्शापासको लागि कार्यालयमा आएका थिए। उनीहरूले नै इन्जिनीयर र ओभरसियरलाई कुटपिट गरेको कर्मचारीले बताए। कुटपिटबाट घाइते भएका इन्जिनीयर साह नारायणी अस्पतालमा उपचारपछि घर फर्केका छन् भने ओभरसियर साह वीरगंज हेल्थकेयरमा भर्ना छन्।

इन्जिनीयर साहले नक्शा कानूनसम्मत नभएको बताएपछि चौधरी, गुरुङ र गौरोले कुटपिट गरेको बताए। आन्दोलनमा उत्रिएका कर्मचारीहरूले नगरपालिकामा तालाबन्दी गरी सेवा ठप्प गरेका छन्। उनीहरूले तीनैजना दोषीमाथि कारबाई नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिएका छन्।

